निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# निर्वाचन बुलेटिन
# ELECTION BULLETIN

वर्ष ५ | अङ्क १ | पूर्णाङ्क १४ | २०७२ असार (June - July 2015)




**निर्वाचन आयोग, नेपाल**
कान्तिपथ, काठमाडौं

फोन नं. ०१-४२२८६६३
फ्याक्स नं. ०१-४२२६७००
Email: info@election.gov.np
Website: www.election.gov.np

## निर्वाचन आयोग, नेपालका वर्तमान पदाधिकारी तथा निर्वाचन बुलेटिनका सल्लाहकारहरू



कार्यवाहक प्रमुख निर्वाचन आयुक्त
श्री दोलखबहादुर गुरूङ



निर्वाचन आयुक्त
डा. अयोधीप्रसाद यादव



निर्वाचन आयुक्त
श्री इला शर्मा



सचिव
श्री मधुप्रसाद रेग्मी

## सम्पादक मण्डल

संयोजक
सहसचिव श्री वीरबहादुर राई

सदस्यहरू
उपसचिव श्री एकनारायण शर्मा
उपसचिव श्री लक्ष्मीदेवी होमागाईं

सदस्य सचिव
शाखा अधिकृत श्री भेषराज रिजाल

## यस प्रकाशनमा समाविष्ट विषयहरू


१. कार्यवाहक प्रमुख निर्वाचन आयुक्तमा निर्वाचन आयुक्त श्री दोलखबहादुर गुरूङबाट पदभार ग्रहण
२. प्रमुख निर्वाचन आयुक्त श्री नीलकण्ठ उप्रेतीको विदाइ
३. कार्यवाहक प्रमुख निर्वाचन आयुक्त र अन्य आयुक्तहरूबाट सम्माननीय राष्ट्रपतिज्यूसँग भेटघाट
४. आर्थिक वर्ष २०७२/०७३ को नेपाल सरकारको निर्वाचनसम्बन्धी नीति तथा कार्यक्रम
५. संविधानसभालाई निर्वाचन आयोगको सुझाव
६. निर्वाचन आचारसंहिता, २०७२ को मस्यौदा आयोगबाट स्वीकृत
७. सामाजिक अध्ययन विषयक शिक्षकहरूका लागि निर्वाचन शिक्षा प्रशिक्षण कार्यक्रम
८. निर्वाचन सञ्चालन तथा व्यवस्थापन विषयक ब्रिज तालिम सम्पन्न
९. क्षेत्रीय निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना र सञ्चालन
१०. आयोगका निर्णयहरू
११. भूकम्पबाट भएको क्षति तथा त्यसको न्यूनीकरणका लागि गरिएका प्रयासहरू
१२. दोस्रो रणनीतिक योजना, २०७१-२०७६ तर्जुमा
१३. 'निर्वाचन पत्रिका' वर्ष ४, अङ्क १, पूर्णाङ्क ६ प्रकाशन
१४. अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० सम्बन्धी प्रतिवेदन स्वीकृत
१५. विकास समितिमा स्थानीय निकायको निर्वाचनसम्बन्धी छलफल
१६. Joint Task Force on Electoral Assistance कार्यशाला स्थगित
१७. कार्यवाहक प्रमुख निर्वाचन आयुक्तसँग जर्मन राजदूतको भेटघाट
१८. नयाँ शाखा अधिकृतहरूको पदस्थापना
१९. आयोगका अवकास प्राप्त कर्मचारीहरूको विदाइ
२०. जिल्ला निर्वाचन अधिकारी स्वर्गीय श्री तुल्सीराम ज्ञवालीप्रति श्रद्धासुमन

# सम्पादकीय

लोकतन्त्र सहअस्तित्व, सहस्वामित्व, समान व्यवहार र सहभागितामा आधारित सुसंस्कृत एवं सर्वोत्कृष्ट शासन प्रणाली हो । लोकतन्त्रमा निर्णय गर्ने र नियन्त्रण गर्ने अधिकार जनतामा निहित रहन्छ । मानव अधिकार तथा कानुनी शासनको प्रत्याभूति गर्न, समावेशी र समानुपातिक प्रतिनिधित्व सुदृढ गराउन, दलको आन्तरिक लोकतान्त्रिकरण प्रवर्द्धन गर्न समेतका लागि स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय आवधिक निर्वाचनको अनिवार्यता रहन्छ । निर्वाचन आयोग, नेपाल लोकतन्त्रको सुदृढीकरणका लागि निरन्तर क्रियाशील छ ।

२०७२ साल बैशाख १२ गते शनिबार गएको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पनबाट आयोग र अन्तर्गतका केही कार्यालयका भौतिक संरचना तथा साधनस्रोतसमेतमा गम्भीर क्षति पुगे तापनि आयोगले आफ्ना क्रियाकलापहरूलाई उच्च प्राथमिकताका साथ सञ्चालन गरिरहेको छ । भूकम्पबाट मृत्यु भएका नेपाली नागरिक र अन्य व्यक्तिहरूप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै आयोग र अन्तरगतका कार्यालयका कर्मचारीहरूबाट यथासम्भव उद्धार र राहतको कार्यमा सहयोग पुऱ्याउन आयोगले निर्देशन गरेको छ । सोही सन्दर्भमा तत्काल राहतको लागि आयोगका प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्त, सचिव, सहसचिवका साथै सम्पूर्ण कर्मचारीहरूबाट निश्चित दिनको पारिश्रमिक कट्टी गरी रू. ७ लाख ७५ हजारभन्दा बढी रकम नेपाल सरकारबाट स्थापित प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उपलब्ध गराइएको छ ।

आयोगले सञ्चालन गर्ने निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय बनाउन राजनीतिक दल, कर्मचारी लगायतका सरोकारवालाले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्न सरोकारवालाको परामर्शसमेत लिई निर्वाचन आचारसंहिता, २०७२ तर्जुमा गरिएको छ । 'नेपालको संविधान, २०७२' को प्रारम्भिक मस्यौदाका निवाचनसम्बन्धी विभिन्न विषयमा सुधार गर्न संविधानसभालाई सुझाव पेश गरिएको छ । विद्यालय शिक्षाका माध्यमबाट निर्वाचन शिक्षाको विस्तार गर्ने आयोगको नीतिअनुसार विभिन्न जिल्लाका माध्यमिक तथा उच्च माध्यमिक विद्यालयका सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकहरूलाई सहभागी गराई निर्वाचन शिक्षा प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ । त्यसैगरी दोस्रो रणनीतिक योजना, २०७१–२०७६ तर्जुमा गर्नाका साथै अर्धवार्षिक पत्रिका 'निर्वाचन' वर्ष ४, अङ्क १, पूर्णाङ्क ६, २०७१ असोज अङ्क प्रकाशन गरिएको छ । यसै अवधिमा अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० सम्बन्धी प्रतिवेदन आयोगद्वारा स्वीकृत भएको छ । आगामी संविधानमा निर्वाचनसम्बन्धी विभिन्न विषयमा आयोगद्वारा संविधानसभालाई सुझावसमेत प्रस्तुत गरिएको छ । यी र यस्तै विभिन्न क्रियाकलापहरूलाई यस अङ्कमा समाविष्ट गरिएको छ ।

अन्त्यमा, यस आयोगमा विभिन्न समयमा सहसचिव, सचिव हुँदै दुईपटक निर्वाचन आयुक्त र हाल कार्यवाहक प्रमुख निर्वाचन आयुक्त हुनुभएका माननीय श्री दोलखबहादुर गुरुङको कार्यकालको सफलताको कामनासमेत व्यक्त गर्दछौं ।

# कार्यवाहक प्रमुख निर्वाचन आयुक्तमा निर्वाचन आयुक्त श्री दोलखबहादुर गुरुङबाट पदभार ग्रहण

निर्वाचन आयोगमा २०७२ साल जेठ ३ गतेदेखि कार्यवाहक प्रमुख निर्वाचन आयुक्तको पदभार निर्वाचन आयुक्त श्री दोलखबहादुर गुरूङले सम्हाल्नुभएको छ । प्रमुख निर्वाचन आयुक्त श्री नीलकण्ठ उप्रेती ६५ वर्ष उमेर पूरा गरी २०७२ साल जेठ २ गतेदेखि अवकास हुनुभएकोले संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०५३ को दफा २० बमोजिम श्री गुरूङ कार्यवाहक प्रमुख निर्वाचन आयुक्त हुनुभएको छ ।

सम्बत् २००७ साल भाद्र ११ गते ताकुमाझ लाकुरीबोट, गोरखामा कप्तान दीर्घसिंह गुरूङ र ललिताकुमारी गुरूङको सन्तानको रूपमा जन्मनुभएका श्री गुरूङले शिक्षा शास्त्रमा स्नातक (B.ED), प्रशासनिक विषयमा स्नातक (D.P.A.) र समाजशास्त्रमा स्नातकोत्तर (M.A.) शैक्षिक उपाधि हासिल गर्नुभएको छ । २०२३ देखि २०२६ सालसम्म परोपकार आदर्श माध्यमिक विद्यालय, जौबारी, गोरखामा र २०३० देखि २०३२ सालसम्म भानु माध्यमिक विद्यालय, दरबार हाइस्कुल, रानीपोखरीमा अध्यापन गर्नुभएका उहाँले २०३३ साल देखि २०३६ सालसम्म माध्यमिक विद्यालय निरीक्षक पदमा रही मुगु र सिन्धुपाल्चोक जिल्लामा काम गर्नुभएको थियो । मुगु, मनाङ र सिन्धुपाल्चोक जिल्लामा जिल्ला शिक्षा अधिकारी, गुल्मी र गोरखामा स्थानीय विकास अधिकारी तथा सोलुखुम्बु, बागलुङ, सिन्धुपाल्चोक, सुर्खेत, पर्सा र मोरङ जिल्लामा प्रमुख जिल्ला अधिकारी रही श्री गुरूङले कार्य गर्नुभएको थियो भने निर्वाचन आयोगमा सहसचिव र सचिव तथा स्थानीय विकास मन्त्रालयमा सचिव पदमा रही कार्य गर्नुभएको थियो । सरकारी सेवामा लामो समय कार्य गर्नुभएका उहाँलाई सफल प्रशासकका रूपमा समेत लिने गरिन्छ ।

त्यसैगरी सचिव पदमा कार्यरत रहँदाकै अवस्थामा निर्वाचन आयुक्तमा नियुक्ति भई २०६३ साल पुस ३० गतेदेखि २०६९ साल कार्तिक २२ गतेसम्म निर्वाचन आयुक्त र २०६९ साल कार्तिक २३ देखि २०६९ साल पुस २६ गतेसम्म कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रहिसक्नुभएका उहाँ संवैधानिक परिषद्को सिफारिसमा २०६९ साल चैत ११ गते सम्माननीय राष्ट्रपतिज्यूबाट पुनः दोस्रोपटक निर्वाचन आयुक्तमा नियुक्त हुनुभएको थियो ।

उहाँले अमेरिका, जर्मनी, थाइल्याण्ड, सिंगापुर, इण्डोनेसिया, बंगलादेश, श्रीलङ्का, दक्षिण अफ्रिका, लेसोथो, जापान, घाना, संयुक्त अधिराज्य, ताञ्जिानिया, जञ्जिबार, दक्षिण कोरिया, अष्ट्रेलिया, मेक्सिको, ट्युनिसिया, फिलिपिन्स, मंगोलिया, पाकिस्तान आदि मुलुकको भ्रमण गरिसक्नुभएको छ । उहाँको विभिन्न सामाजिक संघसंस्थामा समेत संलग्नता रहेको पाइन्छ ।

द्रब्य शाह बहुमुखी क्याम्पस, गोरखाका पूर्व अध्यक्ष, जलकन्यादेवी सेवा कोषका संस्थापक अध्यक्ष, सेन्ट जेभियर्स कलेज, काठमाडौंका पूर्व बोर्ड सदस्य, पाँचबोट तमु समाज, गोरखाका प्रमुख सल्लाहकार, गोरखा समाज केन्द्र, गोरखा र तमु ह्यूल छोंज धीँ (गुरूङ राष्ट्र परिषद् केन्द्रीय कार्यसमिति, काठमाडौंका सल्लाहकार, तथा दील सेवा कोष, २०६१ र जलकन्यादेवी मा.वि, झ्याल्ला, केराबारी, गोरखाका संस्थापक श्री गुरूङले प्रशस्त सम्मान, प्रशंसापत्र र पुरस्कारसमेत प्राप्त गर्नुभएको छ । उहाँले बागिना समूह, सुर्खेत (२०५५/९/१८), श्रीकृष्ण प्रणामी सेवा एवं मारवाडी सेवा ट्रष्ट वीरगञ्ज, २०५६, नेशनल सन्ध्याकालीन पत्रिका मोरङ, २०५८, जिल्ला बालकल्याण समिति, पर्सा, २०५८, ज्ञानेन्द्र कोमल अभिनन्दन समारोह मूल समिति, २०५९, महेन्द्र गोल्डकप फुटबल ट्रष्ट मोरङ, २०५९, जेसिस लेटाङ, २०५९, शान्ति र मानव कल्याणका लागि पूर्वाञ्चलस्तरीय श्रीमद्भागवत सप्ताह महायज्ञ, इटहरी, सुनसरी, २०५९, उद्योग सङ्गठन, २०५९, मोरङ नागरिक समाज, २०६१, विराटेश्वर रूद्र महामृत्युञ्जय महायज्ञ, २०६१, जैन स्वेताम्बर तेरा पन्थीसभा विराटनगर, २०६०, उद्योग व्यापार संघ, २०६१, कोशी एफ.एम. विराटनगर, २०६१, त्रिवेणी वाचनालय विराटनगर, २०६१, नारी विकास संघ मोरङ, २०६१, मारवाडी सेवा समिति एवं भातृ सङ्गठनहरूसमेत १० संस्था, २०६१, गोरखा समाज केन्द्र, २०६१, तमु बौद्ध सेवा समिति, २०६१, राजधानी गुरूङ सेवा समिति, २०६१, नेपाल गुरूङ (तमु) महिला संघ, २०६१, पत्रकार महासंघ मोरङ, २०६४, नवबुद्ध सेवा समिति, धुम्बाराही, २०६६, जलकन्यादेवी मावि ताकुमाझ लाकुरीबोट, गोरखा, २०७०/९/२०, ताकुमाझ लाकुरीबोट, गोरखा, २०७०/१२/१६, वीरगञ्ज उद्योग वाणिज्य संघ, पर्सा, २०७०/१२/१४, पश्चिमाञ्चल विकास क्षेत्र, २०७०, अग्रज सम्मान, २०७०, भद्रकुमारी घले सेवा सदन आदि थुप्रै सम्मान तथा प्रशंसापत्रबाट उहाँ सम्मानित हुनुभएको छ ।



कार्यवाहक प्रमुख निर्वाचन आयुक्त श्री दोलखबहादुर गुरूङलाई स्वागत गर्दै सचिव श्री मधुप्रसाद रेग्मी र आयोगका कर्मचारीहरू

उहाँ दुर्गम सेवा पदक, २०३५, जनमत सङ्ग्रह पदक, २०३७, सेवा पदक, २०४७, गोरखा दक्षिणबाहु चौथो, २०५२, रजतमहोत्सव पदक, २०५५, श्री ५ वीरेन्द्र, ऐश्वर्य पदक, २०५८, दैवी प्रकोप उद्धार सेवा पदक, २०६०, सुप्रबल गोरखा दक्षिणबाहु, चौथो, २०६०, प्रसिद्ध प्रबल जनसेवाश्री (द्वितीय श्रेणी), २०७० आदि विभूषणबाट सम्मानित हुनुभएको छ ।

उहाँका 'आफ्नै गुरूङ वंशावली, २०६०', 'मुगुको सेरोफेरो, २०६३', 'खोजखाजभित्रका खेस्रा, (पहिलो संस्करण, २०६३', 'खोजखाजभित्रका खेस्रा, दोस्रो भाग, २०६९', 'भोगाइ र गराइ (संस्मरण), २०६९' र 'ननिखिएका आँसु (संस्मरण), २०७१' नामक कृतिहरू प्रकाशित भइसकेका छन् । उहाँका कृतिहरूमा संघर्षबाट सफलता हासिल गरेको उहाँको आफ्नै जीवन कथाका साथै दर्शन, साहित्य, सामाजिक धर्म, संस्कार, संस्कृति, इतिहास, आर्थिक, सामाजिक आदि विविध विषयको गहनतम विश्लेषण पाइन्छ । पछिल्लो कृति 'ननिखिएका आँसु' भने उहाँको भविष्य निर्माणको लागि आमा ललिताकुमारी गुरूङले गर्नुभएको योगदान, त्याग र बलिदानीसम्बन्धी संस्मरण एवं अनुभूतिको सङ्ग्रह हो । यस कृतिमा पनि उहाँको बाल्यकालदेखि जागिरे जीवनसम्म तथा संवैधानिक पदाधिकारीदेखि सामाजिक जीवनसम्मका संघर्षपूर्ण एवं प्रेरक भोगाइ समेटिएका छन् ।

उहाँ आयोगको पदाधिकारी रहँदा फोटोसहितको मतदाता नामावली, निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना र सञ्चालन, विदेशमा बस्ने नेपाली नागरिकहरूको नाम दर्ता तथा पूर्व मतदान र अनुपस्थित मतदान, मतदाता परिचयपत्र, रणनीतिक योजना तर्जुमा तथा कार्यान्वयनलगायतका विभिन्न निर्वाचन व्यवस्थापनका कार्यमा आयोगले उल्लेख्य सफलता हासिल गरिरहेको छ । संविधानसभा सदस्यका दुईवटा निर्वाचनको सफलतापूर्वक सम्पन्न गर्नमा उहाँको ठूलो योगदान रहेको छ ।



पद बहालीपछि कार्यवाहक प्रमुख निर्वाचन आयुक्त श्री दोलखबहादुर गुरूङ

आयोगका सचिव श्री मधुप्रसाद रेग्मी, सहसचिवहरू तथा उपसचिवलगायतका कर्मचारीहरूले २०७२ साल जेठ ३ गते श्री गुरूङलाई कार्यवाहक प्रमुख निर्वाचन आयुक्तको रूपमा आयोग परिसरमा स्वागत गर्नुभएको थियो ।

## प्रमुख निर्वाचन आयुक्त श्री नीलकण्ठ उप्रेतीको विदाइ

प्रमुख निर्वाचन आयुक्त श्री नीलकण्ठ उप्रेतीको २०७२ साल जेठ १ गते ६५ वर्ष उमेर पुगी २०७२ साल जेठ २ गतेदेखि अवकास हुनुभएको छ । आयोगको सभाहलमा २०७१ साल जेठ १ गते उहाँको विदाइ गरिएको थियो । उहाँको विदाइ कार्यक्रममा निर्वाचन आयुक्त श्री दोलखबहादुर गुरूङ र निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवले विदाइ मन्तब्य राख्दै उहाँले आयोगमा थालेका महत्वपूर्ण कदमहरूको स्मरण गर्नुभएको थियो ।

उहाँको विदाइ कार्यक्रममा सचिव श्री मधुप्रसाद रेग्मी, सहसचिव श्री वीरबहादुर राई, सहसचिव (कानुन) श्री लीला देवी गड्तौला, सहसचिव (सूचना प्रविधि) श्री मात्रिका प्रसाद श्रेष्ठलगायत अधिकृत तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो । सो अवसरमा श्री उप्रेतीले आफूसँग निर्वाचन व्यवस्थापनसम्बन्धी असङ्ख्य अनुभव रहेको र त्यस्ता अनुभव सङ्ग्रह गरी पुस्तक लेखन गर्न चाहनेहरूका लागि आफू खुला किताब रहने विचार व्यक्त गर्नुभएको थियो ।

पर्वत जिल्लाको पाङराङ गाविसमा सम्बत् २००६ साल चैतमा जन्मनुभएका श्री उप्रेतीले बेलायतको स्टाफफोर्डसायर विश्वविद्यालयबाट कम्प्युटर साइन्समा एम.एस., त्रिभुवन विश्वविद्यालयबाट सार्वजनिक प्रशासन र अर्थशास्त्रमा स्नातकोत्तर शैक्षिक उपाधि हासिल गर्नुभएको थियो । उहाँले सन् १९९० देखि सन् २००४ सम्म निर्वाचन आयोगमा निर्वाचन विज्ञका रूपमा र सन् २००४ देखि सन् २००५ सम्म अफगानिस्तानमा वरिष्ठ निर्वाचन संयोजक भएर काम गर्नुभएको थियो । उहाँ २०६३ साल कार्तिक २३ गते देखि २०६६ साल जेष्ठ २० गतेसम्म निर्वाचन आयुक्त र २०६६ साल जेष्ठ २१ गतेदेखि २०६९ साल कार्तिक २२ गतेसम्म कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भएर कार्य गर्नुभएको थियो । २०६९ साल चैत ११ गते सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमुख निर्वाचन आयुक्तमा नियुक्त हुनुभएका उहाँले भारत, पाकिस्तान, बंगलादेश, श्रीलङ्का, थाइल्याण्ड, जापान, सिंगापुर, मलेसिया, कतार, इजरायल, लेबनान, बहराइन, जोर्डन, इजिप्ट, बेलायत, नर्वे, डेनमार्क, जर्मनी, फ्रान्स, अमेरिका, मेक्सिको, घाना, बोत्स्वाना, जर्जिया आदि मुलुकको भ्रमण गर्नुभएको छ ।

उहाँले निर्वाचन प्रक्रिया, प्रणाली तथा व्यवस्थापनसम्बन्धी करिब २५ वर्षको अनुभव हासिल गर्नुका साथै द्वन्द व्यवस्थापन तथा द्वन्दोत्तर कालमा निर्वाचन व्यवस्थापन, निर्वाचन कानुन, मतदाता शिक्षा, मतदाता परिचयपत्र तथा समग्र निर्वाचन प्रविधि र प्रणालीसम्बन्धमा दक्षता हासिल गर्नुभएको छ ।

फोटोसहितको मतदाता नामावली, मतदाता परिचयपत्र, निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना र सञ्चालन, रणनीतिक योजना तर्जुमा तथा कार्यान्वयन, निर्वाचन विवाद निरूपण, निर्वाचन पत्रिका र बुलेटिनको प्रकाशन प्रारम्भलगायतका महत्वपूर्ण कार्यमा उहाँको पहलकदमी र योगदान रहेको छ । संविधानसभा सदस्यका दुईवटा निर्वाचनसमेत उहाँको कार्यकालमा सम्पन्न भएका छन् । त्यसैगरी संविधानसभा सदस्य निर्वाचन, २०७० सफलतापूर्वक सम्पन्न गर्नमा महत्वपूर्ण योगदान गरेवापत श्री उप्रेती प्रसिद्ध प्रबल जनसेवाश्री (द्वितीय श्रेणी), २०७० बाट विभूषित हुनुभएको थियो ।



प्रमुख निर्वाचन आयुक्त श्री नीलकण्ठ उप्रेतीको विदाइका क्रममा उपहार दिँदै निर्वाचन आयुक्त श्री दोलखबहादुर गुरूङ (बायाँ) र निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव (दायाँ)



प्रमुख निर्वाचन आयुक्त श्री नीलकण्ठ उप्रेतीको विदाइपछि निर्वाचन आयुक्त श्री दोलखबहादुर गुरूङ (बायाँबाट दोस्रो), निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव (दायाँ) र सचिव श्री मधुप्रसाद रेग्मी (बायाँ)



प्रमुख निर्वाचन आयुक्त श्री नीलकण्ठ उप्रेतीको विदाइ गर्दै सचिव श्री मधुप्रसाद रेग्मी साथमा निर्वाचन आयुक्त श्री दोलखबहादुर गुरूङ (बीचमा) र निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव (बायाँ)



प्रमुख निर्वाचन आयुक्त श्री नीलकण्ठ उप्रेतीको विदाइका क्रममा आयोगको सभाहलमा उपस्थित आयोगका पदाधिकारी र कर्मचारीहरू

## कार्यवाहक प्रमुख निर्वाचन आयुक्त र अन्य आयुक्तहरूबाट सम्माननीय राष्ट्रपतिज्यूसँग भेटघाट

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त श्री दोलखबहादुर गुरूङ, निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव र निर्वाचन आयुक्त श्री इला शर्माले २०७२ साल जेठ १५ गते सम्माननीय राष्ट्रपति डा. रामवरण यादवलाई उहाँकै कार्यकक्षमा भेटघाट गर्नुभएको छ । सो अवसरमा आयोगका निमित्त सचिव श्री वीरबहादुर राईको समेत उपस्थिति रहेको थियो ।

भेटका अवसरमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्तले २०७२ साल बैशाख १२ गतेको भूकम्प तथा त्यसपछिका पराकम्पनबाट आयोग र विभिन्न जिल्ला निर्वाचन कार्यालयका भवन, सामग्री तथा विभिन्न जिल्लाका मतदानस्थलमा पुगेको क्षतिका सम्बन्धमा जानकारी गराउँदै आयोगले भूकम्पबाट बढी प्रभावित १४ वटा जिल्लामा मतदाता नामावली सङ्कलन तथा अद्यावधिक विशेष कार्यक्रम सञ्चालन गर्न लागेको जानकारी गराउनुभएको थियो । आयोगले तर्जुमा गरी जारी गरेको दोस्रो रणनीतिक योजनाको दस्तावेज सम्माननीय राष्ट्रपतिज्यूलाई उपलब्ध गराउँदै प्रस्तुत रणनीतिक योजनाले लिएका रणनीतिको बारेमा समेत कार्यवाहक प्रमुख निर्वाचन आयुक्तले आफ्ना धारणा राख्नुभएको थियो । त्यसैगरी सम्माननीय राष्ट्रपतिज्यूले स्थानीय निकाय निर्वाचनको बारेमा चासो र जिज्ञासा राख्नुभएकोमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्तले स्थानीय निकाय निर्वाचन (कार्यविधि) ऐन, २०४८ संशोधनको लागि आयोगले नेपाल सरकारसमक्ष पठाएको जानकारी गराउनुभएको थियो । यथासमयमा ऐन संशोधन भई आएमा आयोग स्थानीय निकायको निर्वाचन गराउन सक्षम रहेको र तयारी अवस्थामा रहेको विचार व्यक्त गर्नुभएको थियो ।

## आर्थिक वर्ष २०७२/०७३ को नेपाल सरकारको निर्वाचनसम्बन्धी नीति तथा कार्यक्रम

सम्माननीय राष्ट्रपति डा. रामवरण यादवद्वारा संविधानसभा-व्यवस्थापिका-संसद्को बैठकमा सम्बत् २०७२ साल असार २३ गते बुधबार प्रस्तुत आर्थिक वर्ष २०७२/०७३ को नेपाल सरकारको नीति तथा कार्यक्रममा स्थानीय निकायको निर्वाचनलगायतका कार्यलाई उच्च महत्व दिइएको छ । यस नीति तथा कार्यक्रममा समाविष्ट निर्वाचनसम्बन्धी विषयहरू देहायअनुसार रहेका छन् :

१. लामो समयदेखि हुन नसकेको स्थानीय निकायको निर्वाचन यसै आर्थिक वर्षभित्र गरिनेछ । (बुँदा नं. ९)

२. सबै संवैधानिक निकायहरूको संस्थागत क्षमता अभिवृद्धि गर्नुका साथै आवश्यक पर्ने साधनस्रोतको व्यवस्था गरिनेछ । (बुँदा नं. १२)

३. निर्वाचनसम्बन्धी एकीकृत कानुन तर्जुमा गरिनेछ । राजनीतिक दलहरूको खर्चको विवरणमा पारदर्शिता सुनिश्चित गर्न राजनीतिक दलसम्बन्धी विधेयक व्यवस्थापिका-संसदमा पेश गरिनेछ । फोटोसहितको मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गरी स्थायी प्रकृतिको मतदाता परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिइनेछ । विदेशमा रहेका नेपाली नागरिकहरूको मताधिकार सुनिश्चित गर्न मतदाता दर्ता प्रक्रियाका थालनी गरिनेछ । (बुँदा नं. १०७)

आयोगले संविधान तथा अन्य कानुनद्वारा प्रदत्त जिम्मेवारी, सरकारको नीति तथा कार्यक्रम, आफ्नो रणनीतिक योजनासमेतका आधारमा निर्वाचन व्यवस्थापनसम्बन्धी विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको छ ।

आयोगले आर्थिक वर्ष २०७२/०७३ मा सरकारद्वारा घोषित निर्वाचनहरूको सञ्चालन, निर्देशन, रेखदेख, नियन्त्रण, समन्वयलगायतको व्यवस्थापन गर्ने मूल संवैधानिक दायित्व निर्वाह गर्नुका साथै दोस्रो रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गर्ने, फोटोसहितको मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गरी मतदाताको परिचयलाई सुनिश्चित गर्न स्थायी प्रकृतिको मतदाता परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिने, निर्वाचनसम्बन्धी एकीकृत कानुनको मस्यौदा तयार पार्ने, राजनीतिक दलहरूको अभिलेख, आय व्यय र निर्वाचन खर्चको विवरणमा पारदर्शिता सुनिश्चित गर्न राजनीतिक दलसम्बन्धी नयाँ विधेयकको मस्यौदा तयार पार्ने, मतदान केन्द्रको स्तरीकरण गर्ने र सोसम्बन्धी विवरणहरू भू-सूचना प्रणालीमा व्यवस्थित गर्ने कार्यलाई प्राथमिकताका साथ सञ्चालन गर्नेछ । त्यसैगरी विद्युतीय मतदान उपकरणको प्रयोगलाई विस्तार गर्ने, निर्वाचन शिक्षा, तालिम तथा समुदायमा आधारित आमपहुँचका कार्यक्रमहरू सञ्चालन गर्ने, विदेशमा रहेका नेपाली नागरिकहरूको मताधिकार सुनिश्चित गर्न मतदाता दर्ता प्रक्रियाको थालनी गर्ने, सूचना तथ्यांकको आदानप्रदान व्यवस्थित गर्न र मतदाता तथा सरोकारवालाहरूलाई छिटोछरितो सेवा प्रदान गर्नका लागि नवीनतम सूचना प्रविधिको प्रयोगलाई बढावा दिने जस्ता कार्यहरूसमेत आगामी आर्थिक वर्षमा सञ्चालन गरिनेछ ।

## संविधानसभालाई निर्वाचन आयोगको सुझाव

आयोगको मिति २०७२/४/३ मा बसेको बैठकमा "नेपालको संविधान, २०७२" को प्रारम्भिक मस्यौदामा देहायबमोजिम सुधार गर्न संविधानसभालाई सुझाव पेश गर्ने निर्णय भएको छ :

१. निर्वाचन आयोग गठन गर्दा समावेशी र व्यावसायिक दक्षताको आधारमा पदाधिकारीहरू रहने गरी व्यवस्था गर्नुपर्ने ।

२. प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पदमा नियुक्त हुनको लागि कम्तीमा ४५ वर्ष उमेर पूरा भएको हुनुपर्ने ।

३. संवैधानिक निकायका पदाधिकारीहरूको हालको पदको निरन्तरता कायम हुने गरी व्यवस्था गर्नुपर्ने ।

४. निर्वाचन आयोगका पदाधिकारीहरूको सेवा र सुविधासम्बन्धी शर्त सर्वोच्च अदालतको न्यायाधीशसरह हुने गरी व्यवस्था गर्नुपर्ने ।

५. नेपाल सरकारसँग परामर्श गरी स्थानीय निकायको निर्वाचनको मिति घोषणा गर्न सक्ने अधिकार निर्वाचन आयोगलाई हुने व्यवस्था रहनुपर्ने ।

६. स्वदेश तथा विदेशमा रहेका मतदाताहरूको नामावली तयार गर्ने र मतदाताले मतदान गर्न पाउने उमेर पुगेको मिति (Cut off Date) तोक्ने अधिकार निर्वाचन आयोगलाई रहनुपर्ने ।

७. प्रतिनिधिसभामा समानुपातिक निर्वाचन प्रणालीतर्फ आफ्नो प्रतिनिधित्व सुनिश्चित गर्न सम्बन्धित राजनीतिक दलले तत्काल अगाडि सम्पन्न निर्वाचनमा खसेको कूल सदर मतको न्यूनतम तीन प्रतिशत मत प्राप्त गरेको हुनुपर्ने गरी न्यूनतम सीमान्त विन्दू (Threshold) कायम गर्ने व्यवस्था गर्नुपर्ने ।

८. राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसद र प्रदेशसभाको निर्वाचन हुने मिति संविधानमा नै उल्लेख गर्नुपर्ने वा नेपाल सरकारसँगको परामर्शमा निर्वाचन आयोगले मिति तोक्न सक्ने व्यवस्था हुनुपर्ने ।

९. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (FPTP) तर्फ एक उम्मेदवारले एकैपटक एकभन्दा बढी स्थानमा उम्मेदवार दिन नपाउने गरी व्यवस्था गर्नुपर्ने ।

१०. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (FPTP) तर्फ राजनीतिक दलले उम्मेदवार चयन गर्दा महिला, जनजाति, दलित, मधेशी तथा सीमान्तकृत समूहको प्रतिनिधित्व हुने गरी व्यवस्था गर्नुपर्ने ।

११. संविधान जारी भएको मितिले ६ महिनाभित्र पहिलोपटक स्थानीय निकायको निर्वाचन शुरू गर्ने गरी व्यवस्था गर्नुपर्ने ।

१२. स्थानीय निकायमा रहने वडाअध्यक्षको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (FPTP) बाट हुने गरी व्यवस्था गर्नुपर्ने ।

१३. प्रस्तावित मस्यौदाको धारा ८८ को उपधारा (८) बमोजिम महिलाको संख्या पुऱ्याउन प्राविधिक समस्या पर्ने देखिएकोले सोबारे पुनर्विचार गरी आवश्यक व्यवस्था मिलाउनुपर्ने ।

१४. प्रस्तावित मस्यौदाको धारा २४५ को उपधारा (२) मा धारा ७३ समेत थप गर्नुपर्ने ।

१५. पहिलोपटक राजनीतिक दल दर्ता गर्दा वार्षिक लेखा परीक्षण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था अव्यावहारिक देखिएकोले प्रस्तावित मस्यौदाको धारा २६४ को उपधारा (३) मा रहेको "वार्षिक लेखा परीक्षण प्रतिवेदनका अतिरिक्त" भन्ने शब्दहरू हटाउनुपर्ने ।

१६. प्रस्तावित मस्यौदाको धारा २६४ को उपधारा (४) को खण्ड (ग) को सट्टामा राजनीतिक दलको विभिन्नस्तरका कार्यकारिणी समितिमा महिला, दलितलगायत उपेक्षित र उत्पीडित क्षेत्रका सदस्यहरूसमेत रहने समावेशी व्यवस्था र दलको विधानमा दलका सदस्यहरूलाई अनुशासित तुल्याउने प्रभावकारी व्यवस्थासमेत रहने गरी समावेश गर्नुपर्ने ।

१७. प्रस्तावित मस्यौदाको धारा २७९ मा निर्वाचन सेवासमेत रहने गरी व्यवस्था गर्नुपर्ने ।

१८. आयोगका पदाधिकारी संघीय संसदप्रति उत्तरदायी र जवाफदेही हुनुपर्ने र आयोगको काम कारबाहीको अनुगमन र मूल्याङ्कन प्रतिनिधिसभाको समितिबाट हुने भनिएको धारा २८४ हटाउनुपर्ने ।

१९. निर्वाचन आयोगका पदाधिकारीहरूको पदनाममा एकरूपता नदेखिएकोले एकरूपता कायम हुने गरी मिलाउनुपर्ने ।

२०. स्थायी प्रकृतिको निर्वाचन अदालतको व्यवस्था गर्नुपर्ने ।

## निर्वाचन आचारसंहिता, २०७२ को मस्यौदा आयोगबाट स्वीकृत

निर्वाचन आयोगले सञ्चालन गर्ने निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्नको लागि सरोकारवालाले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्नु वाञ्छनीय भएकोले निर्वाचन आयोग ऐन, २०६३ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी आयोगले सरोकारवालासँग परामर्श गरी तयार पारेको निर्वाचन आचारसंहिता, २०७२ को मस्यौदा आयोगको मिति २०७२।३।१४ को निर्णयानुसार स्वीकृत भएको छ ।

उम्मेदवार, राजनीतिक दल, राजनीतिक दलको भ्रातृ सङ्गठन वा सम्बन्धित व्यक्ति, नेपाल सरकार र नेपाल सरकारका मन्त्री, सार्वजनिक संस्था र स्थानीय निकाय, आमसञ्चारका माध्यम, गैरसरकारी संस्था, नेपाल सरकारका कर्मचारी, स्थानीय निकायका कर्मचारी, निर्वाचनसम्बन्धी कार्यमा संलग्न व्यक्ति तथा सुरक्षाकर्मी, सार्वजनिक पद धारण गरेको व्यक्ति, पर्यवेक्षक तथा आयोगले आचारसंहिता लागू हुने भनी तोकेको निकाय, संस्था वा व्यक्तिलाई लागू हुने यस आचारसंहितामा परिच्छेद ६ र दफा १८ रहेका छन् ।

उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरणलाई सामान्य आचरण र विषयगत आचरणमा विभक्त गरिएको छ । सामान्य आचरण अन्तर्गत धर्म, सम्प्रदाय, जातजाति, लिङ्ग, भाषा, वर्ग, क्षेत्र

वा समुदायको आधारमा घृणा वा द्वेष उत्पन्न हुने गरी कुनै क्रियाकलाप गर्न वा गराउन नहुने, उम्मेदवार वा राजनीतिक दलको सदस्यको निजी जीवनलाई आघात पर्ने गरी आलोचना गर्न नहुने, कुनै साम्प्रदायिक भावना फैलाउने गरी मत माग्न वा प्रचारप्रसार गर्न वा गराउन नहुने, प्रचलित कानूनबमोजिम निर्वाचनसम्बन्धी कसूर मानिने कार्य गर्न वा गराउन वा त्यस्तो कार्य गर्न उक्साउन नहुने, उम्मेदवार वा राजनीतिक दलले नेपाल सरकार, सार्वजनिक संस्था, स्थानीय निकाय वा कुनै परियोजनाको साधन स्रोत र सम्पत्ति आफ्नो पक्ष वा अर्काको विपक्षमा हुने गरी प्रयोग गर्न वा गराउन नहुने, मतदातालाई नगद, जिन्सी वितरण गर्न, भोजभतेर आयोजना गर्न वा मादक पदार्थ सेवन वा वितरण गर्न वा गराउन नहुने कुराहरू समावेश गरिएको छ। यस अन्तर्गत आयोगद्वारा सञ्चालित मतदाता नामावली संकलन, मतदाता शिक्षा लगायत अन्य कार्यक्रममा कुनै किसिमले अवरोध हुने गरी त्यस्ता कार्यक्रमसँग सम्बन्धित सामग्री वा सूचनालाई बिगार्न वा कुनै किसिमले थपघट गर्न वा गराउन नहुने, कुनै मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च वा कुनै धार्मिक स्थल प्रयोग गरी निर्वाचनसम्बन्धी प्रचारप्रसार गर्न वा गराउन नहुने, निर्वाचनसम्बन्धी प्रचारप्रसारको लागि धार्मिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक स्थल वा सार्वजनिक संस्थाको भवन, स्मारक, पर्खाल, सडक, खम्बा वा संरचनालगायत कुनै पनि सार्वजनिक स्थानमा पर्चा टाँस्न वा टाँस्न लगाउन वा लेख्न वा लेख्न लगाउन नहुने, निजी घरजग्गामा त्यस्तो घर जग्गाधनीको स्वीकृति नलिई राजनीतिक गतिविधि वा प्रचारप्रसार गर्न वा गराउन नहुने, महिला र अपाङ्गता भएको व्यक्तिको भावनामा आँच आउने किसिमले निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने, निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने, प्रचलित कानूनबमोजिम निषेध गरेको समय र स्थानमा कुनै किसिमको जुलुस, आमसभा, र्‍याली, बैठक, भेला वा प्रचारप्रसार गर्न वा गराउन नहुने, सार्वजनिक आवागमनमा अवरोध हुने गरी कुनै किसिमको जुलुस, आमसभा, र्‍याली, बैठक, भेला वा प्रचारप्रसार गर्न वा गराउन नहुने तथा उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मत परिणामको घोषणा नभएसम्म उम्मेदवार वा राजनीतिक दलको परिणामको सम्बन्धमा मत सर्वेक्षण गर्न वा त्यस्तो सर्वेक्षणको परिणाम घोषणा गर्न नहुने विषयलाई संहिताबद्ध गरिएको छ।

त्यस्तै विषयगत आचरण अन्तर्गत जुलुस, आमसभा, र्‍याली, बैठक, भेलागर्दा पालन गर्नुपर्ने आचरण, सवारी साधन प्रयोग गर्दा पालन गर्नुपर्ने आचरण, निर्वाचन खर्चसम्बन्धी आचरण, मौन अवधिमा पालना गर्नुपर्ने आचरण, मतदानको दिन पालन गर्नुपर्ने आचरण र अन्य आचरण समेटिएको छ।

जुलुस, आमसभा, र्‍याली, बैठक तथा भेला गर्दा पालन गर्नुपर्ने आचरण अन्तर्गत जुलुस तथा आमसभा गर्दा वा कसैको विचारको विरोध गर्दा सभ्य तरिकाले गर्नुपर्ने, स्थानीय प्रशासनको अनुमति लिई समय, मिति, मार्ग र स्थानको बारेमा कम्तिमा ४८ घण्टा अगावै जानकारी गराउनु पर्ने, सवारी साधनमा ३ फिट × ५ फिट भन्दा ठूलो आकारको ब्यानर वा झण्डा र ३ फिट × ३ फिट भन्दा ठूलो आकारको पोष्टरको प्रयोग गर्न वा गराउन नहुने, जुलुस वा आमसभामा भाग लिने व्यक्तिले १० इन्च × १८ इन्चभन्दा ठूलो आकारको झण्डा प्रयोग गर्न वा गराउन नहुने, जुलुस, आमसभा, र्‍याली, बैठक, भेला वा निर्वाचन कार्यक्रम बिथोल्न वा एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, र्‍याली, बैठक वा भेला गर्न वा गराउन नहुने विषय समावेश गरिएको छ। त्यस्तै यस अन्तर्गत प्रचलित कानून वा स्थानीय प्रशासनले निषेध गरेको सामग्री प्रदर्शन वा प्रयोग गर्न वा गराउन नहुने, कार्यक्रम बिहान ८ बजेदेखि साँझ ७ बजेसम्म मात्र गर्नुपर्ने, मतदानको दिनभन्दा ४८ घण्टा अघिदेखि मत परिणामको घोषणा नभएसम्म जुलुस, आमसभा, र्‍याली, बैठक वा भेला आयोजना गर्न, नारा लगाउन वा राजनीतिक दल वा त्यस्तो दलसँग आवद्ध संस्थाको झण्डा, निर्वाचन चिन्ह वा प्रचारप्रसार हुने सामग्री प्रयोग वा प्रदर्शन गर्न वा गराउन नहुने, आमसभा गरेको स्थल र समयमा बाहेक अन्य स्थल र समयमा माइक, लाउडस्पिकर र ध्वनि उत्पन्न गर्ने अन्य यन्त्र प्रयोग गर्न नहुने तथा मोटरसाइकललगायत मानिस वा मालसामान ढुवानी गर्न प्रयोग हुने साइकल, रिक्सा, टाँगा, एक्का तथा गोरुगाडा जस्ता सवारी साधनको र्‍याली गर्न वा गराउन नहुने गरी आचारसंहिता निर्धारण गरिएको छ।

सवारी साधन प्रयोग गर्दा पालन गर्नुपर्ने आचरण अन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फका उम्मेदवारले निर्वाचन प्रचारप्रसारको लागि एकनिर्वाचन क्षेत्रमा बढीमा दुईवटा चारपाङ्ग्रे हलुका सवारी साधन वा त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा चारवटा घोडा प्रयोग गर्नसक्ने, राजनीतिक दलले आफ्नोतर्फबाट दुईजना मुख्य प्रचारकको नाम आयोगमा बुझाउनु पर्ने, आयोगले अनुमति दिएका मुख्य प्रचारकलेमात्र हेलिकोप्टर प्रयोग गर्ने र हेलिकोप्टर प्रयोग गर्दा लागेको खर्चको विवरण सम्बन्धित राजनीतिक दलले पेश गर्ने निर्वाचन खर्चमा समावेश गर्ने गरी निर्वाचन प्रचारप्रसार गर्न पाउने, एउटा उम्मेदवार वा राजनीतिक दलको नाममा स्वीकृत वा प्रयोग गरेको सवारी साधन अन्य उम्मेदवार वा राजनीतिक दलले प्रयोग गर्न वा गराउन नहुने, राजनीतिक दलले निर्वाचन अधिकृतको अनुमति लिई एउटा जिल्लामा बढीमा दुईवटा चारपाङ्ग्रे हलुका सवारी साधन वा त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा चारवटा घोडा प्रयोग गर्नसक्ने, स्थानीय निकायको कुनै पदको निर्वाचनको प्रचारप्रसारको लागि उम्मेदवार वा राजनीतिक दलले आयोगले तोकेको सङ्ख्या र प्रकारका सवारी साधनकोमात्र प्रयोग गर्नुपर्ने आचारसंहितामा समावेश गरिएको छ।

निर्वाचन खर्चसम्बन्धी आचरण अन्तर्गत उम्मेदवार वा राजनीतिक दलले निर्वाचन खर्चको लागि अलग्गै बैङ्क वा वित्तीय संस्थामा खाता खोली निर्वाचनसम्बन्धी सम्पूर्ण कारोबार उक्त खाताबाट सञ्चालन गर्नुपर्ने, निर्वाचन खर्चको लागि बैङ्क वा वित्तीय संस्थामा खोलिएको खाताबाट राजनीतिक दलको हकमा विधानबमोजिम र उम्मेदवारको हकमा उम्मेदवार आफैं वा निजको आधिकारिक प्रतिनिधिद्वारा खर्च गर्नुपर्ने, उम्मेदवार वा राजनीतिक दलले आयोगले तोकेकोभन्दा बढी खर्च गर्न नपाउने, निर्वाचन प्रयोजनको लागि बैङ्क वा वित्तीय संस्थामा खोलिएको खाताको सञ्चालन तथा कारोबार पारदर्शी हुनुपर्ने, उम्मेदवार वा राजनीतिक दलले पाँचहजार रूपैयाँभन्दा बढी चन्दा लिँदा बैङ्क वा वित्तीय संस्थामार्फत लिनुपर्ने, उम्मेदवार वा राजनीतिक दलले चन्दाको रूपमा नगद लिएमा चन्दा दिने व्यक्ति वा संस्थालाई सो रकम बुझेको रसीद वा भरपाई दिनुपर्ने, उम्मेदवार वा राजनीतिक दलले गरेको खर्चको अनिवार्यरूपमा बील भरपाई राख्नुपर्ने, उम्मेदवार वा राजनीतिक दलले निर्वाचनमा भएको खर्चको सम्पूर्ण विवरण प्रचलित कानूनमा तोकिएको समयभित्र आयोगले तोकेको ढाँचामा जिल्ला निर्वाचन कार्यालय वा आयोगमा बुझाउनुपर्ने, उम्मेदवार वा राजनीतिक दलले बुझाएको निर्वाचन खर्चको विवरण सन्तोषजनक नदेखिई आयोगले उक्त खर्चको बील भरपाई तथा बैङ्कवा वित्तीय संस्थामा रहेको खाताको विवरण पेश गर्न आदेश दिएमा सम्बन्धित उम्मेदवार वा राजनीतिक दलले सक्कल बील भरपाई तथा बैङ्क वा वित्तीय संस्थाको खाताको विवरण पेश गर्नुपर्ने आचारसंहिता समावेश गरिएको छ।

मौन अवधिमा पालना गर्नुपर्ने आचरण अन्तर्गत निर्वाचन प्रचारप्रसार गर्न र मत माग्न नहुने, मतदानकेन्द्रको ३०० मिटर वरिपरी मौन अवधि शुरू हुनुभन्दा अगाडि राखिएका आ-आफ्ना निर्वाचन चिन्ह तथा प्रचार र प्रसारका सामग्री हटाएको हुनुपर्ने, एस.एम.एस, फेसवुक, भाईवर जस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक संजालमार्फत मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न नहुने, उम्मेदवार वा राजनीतिक दलको निर्वाचन चिन्ह अंकित पहिरन, टोपी, स्टीकर, लोगो, झोला, ट्याटु जस्ता सांकेतिक सामग्रीको प्रयोग गर्न, बिक्री गर्न वा प्रदर्शन गर्न वा गराउन नहुने र उम्मेदवार वा राजनीतिक दलको प्रचारप्रसार हुने गरी कुनै समाचार वा सूचना प्रकाशन वा प्रसारण गर्न नहुने विषय समावेश गरिएको छ।

मतदानको दिन पालन गर्नुपर्ने आचरण अन्तर्गत मतदातालाई शान्तिपूर्वक मताधिकारको प्रयोग गर्न दिनुपर्ने, मतदानमा खटिएका कर्मचारी र सुरक्षाकर्मीलाई सहयोग गर्नुपर्ने, मतदान केन्द्रमा रहेको राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधिले निर्वाचन चिन्ह वा सङ्केत नभएको पहिरन, परिचयपत्र र व्याजमात्र प्रयोग गर्नुपर्ने, कुनै किसिमको सवारी साधन प्रयोग गरी आवत जावत गर्न वा कसैलाई पनि लाने वा ल्याउने गर्न नहुने, उम्मेदवार, मतदाता, प्रचलित कानूनले अनुमति दिएका व्यक्ति, आयोगले अनुमति दिएका व्यक्ति वा अधिकारीबाहेक अन्य कुनै व्यक्ति मतदान केन्द्रमा प्रवेश गर्न नहुने र मतदातालाई मतदान गर्न जान वा मतदान गर्नबाट वञ्चित गराउने अभिप्रायले कुनै काम गर्न वा गराउन नहुने आचारसंहिता समावेश गरिएको छ।

त्यसैगरी अन्य आचरण अन्तर्गत निर्वाचन प्रयोजनको लागि पचहत्तर

ग्रामसम्मको कागजमा कुल क्षेत्रफल तीनसय वर्गइन्चसम्म आकारको एउटै रङ्ग र मुद्रकको नामसहितको पर्चामात्र प्रयोग गर्नुपर्ने र उम्मेदवारले आफ्नो व्यक्तिगत विवरण र सम्पत्तिसम्बन्धी विवरण उम्मेदवारी दर्ता गर्दा सम्बन्धित निर्वाचन अधिकृतसमक्ष बुझाउनुपर्ने आचारसंहिता समावेश गरिएको छ ।

नेपाल सरकार, स्थानीय निकाय तथा सार्वजनिक संस्थाले पालना गर्नुपर्ने आचरण अन्तर्गत कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा प्रचारप्रसार गर्न नहुने, वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका बाहेक नयाँ नीति, योजना तथा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न, सञ्चालन गर्न र सो प्रयोजनका लागि जनशक्ति तथा स्रोत साधनको परिचालन गर्न वा गराउन नहुने, कुनै पनि योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, अध्ययन वा सोको लागि अनुदान दिने जस्ता कार्यक्रम गर्न वा गराउन नहुने तथा नेपाल सरकार, सार्वजनिक संस्था वा स्थानीय निकायका भवन, अतिथि गृह, सभागृह, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिन नहुने गरी आचारसंहिता तर्जुमा गरिएको छ ।

कर्मचारी सम्बन्धी आचरण अन्तर्गत नेपाल सरकार, सार्वजनिक संस्था र स्थानीय निकायमा नयाँ पद सृजना गर्न, पदपूर्तिको लागि विज्ञापन गर्न, रिक्त पद पूर्ति गर्न, भत्ता वृद्धि गर्न, ग्रेड, अन्य आर्थिक सुविधा वा पुरस्कार प्रदान गर्न नहुने, निर्वाचनको काममा बाहेक अन्यत्र सरूवा, बढुवा गर्न वा काजमा खटाउन नहुने, आफ्नो पदीय कर्तव्य तटस्थ र निष्पक्ष रही निर्वाह गर्नुपर्ने तथा मुलुकलाई प्रतिनिधित्व गरी विदेश भ्रमणमा जानबाहेक निर्वाचन अवधिभर अन्य प्रयोजनको लागि विदेश भ्रमणमा जान नहुने जस्ता आचारसंहिता समावेश गरिएको छ ।

आमसञ्चारका माध्यमले पालना गर्नुपर्ने आचरण अन्तर्गत निर्वाचनसम्बन्धी शिक्षामूलक समाचार र सूचनालाई उच्च प्राथमिकता दिनुपर्ने, सूचना वा समाचार तथ्यमा आधारित भई निष्पक्षरूपमा सम्प्रेषण गर्ने, पेशागत आचरण एवं मान्यता विपरीत हुने काम कारबाही गर्न नहुने, विभिन्न जातजाति सम्प्रदाय, लिङ्ग, धर्म, भाषा-भाषी र क्षेत्रबीचको सम्बन्ध र सद्भावमा खलल नपर्ने गरी सूचना वा समाचार प्रकाशन, प्रशारण वा सम्प्रेषण गर्ने, राजनीतिक दल तथा उम्मेदवारलाई समान अवसर दिनुपर्ने, उम्मेदवार वा राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको लागि निःशुल्क वा प्रायोजित विज्ञापन प्रकाशन, प्रशारण वा सम्प्रेषण गर्न वा गराउन नहुने, उम्मेदवार वा राजनीतिक दलको सम्बन्धमा आयोगले तोकेको समयावधिभन्दा बढी नहुने गरी र सशुल्क विज्ञापन भएको जनाउने गरी निर्वाचनसम्बन्धी विज्ञापन प्रकाशन, प्रशारण वा सम्प्रेषण गर्ने गरी आचारसंहिता मस्यौदा गरिएको छ । त्यसै गरी यसमा उम्मेदवार वा राजनीतिक दलको निर्वाचनसम्बन्धी प्रकाशन, प्रशारण वा सम्प्रेषण गरेको प्रत्येक सूचना वा विज्ञापनको मिति र समयको अभिलेख अद्यावधिक राख्नुपर्ने, निर्वाचन तथा मतदाता शिक्षा लगायतका सामग्री स्थानीयस्तरमा प्रयोग भइरहेका सबै भाषालाई समेट्ने गरी समानुपातिक आधारमा प्रकाशन, प्रशारण वा सम्प्रेषण गर्ने र उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा आधारहीन सामग्री एस.एम.एस, फेसबुक, ट्वीटर, भाइवर जस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालमा प्रकाशन, प्रशारण वा सम्प्रेषण नगर्ने विषयसमेत समावेश गरिएको छ ।

गैरसरकारी संस्थाले पालना गर्नुपर्ने आचरणमा उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा हुने गरी नयाँ नीति कार्यक्रम, उद्घाटन, शिलान्यासलगायत कुनै काम गर्न वा गराउन नहुने तथा उम्मेदवार वा राजनीतिक दलको प्रचारप्रसारको काम गर्न वा गराउन नहुने विषय समाविष्ट गरिएको छ ।

पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण अन्तर्गत विभिन्न जातजाति, सम्प्रदाय, लिङ्ग, धर्म, भाषा-भाषी, क्षेत्र र संस्कृतिको सम्मान गर्नुपर्ने, निष्पक्ष, तटस्थ र विश्वसनीय भएर पर्यवेक्षण गर्नुपर्ने, निर्वाचनको कार्यलाई बाधा पुग्ने कुनै काम गर्न नहुने, पर्यवेक्षणको क्रममा आफ्नो पहिचान खुलाउनुपर्ने, उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा सार्वजनिकरूपमा वा आमसञ्चार माध्यममा कुनै किसिमको टिप्पणी गर्न नहुने, अनुमति प्राप्त क्षेत्रमा मात्र पर्यवेक्षण गर्नुपर्ने, प्रतिवेदन तयार गर्दा निष्पक्ष ढङ्गले तथ्यमा आधारित भएर गर्नुपर्ने एवं उम्मेदवार, राजनीतिक दल, कर्मचारी वा अन्य व्यक्तिसँग उपहार वा अन्य कुनै सामान लेनदेन गर्न नहुने विषय समावेश गरिएको छ ।

आयोगले निर्वाचन आचारसंहिता कार्यान्वयनका लागि अनुगमन समिति गठन गरी काम, कर्तव्य र अधिकार तोक्नसक्ने व्यवस्था गरिएको छ । कसैले यस आचारसंहिताको उल्लंघन गरेमा निर्वाचन आयोग ऐन, २०६३ बमोजिम कारबाही र सजाय हुने व्यवस्था समेत आचारसंहितामा गरिएको छ ।

यस आचारसंहिता तर्जुमाका लागि निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको अध्यक्षतामा निर्वाचन आचारसंहिता निर्माण उच्चस्तरीय समिति गठन भएको थियो भने कानुन तथा राजनीतिक दलसम्बन्ध महाशाखाका सहसचिवको संयोजकत्वमा आचारसंहिता तर्जुमा उपसमिति गठन भएको थियो । युएनडिपीको निर्वाचन सहायता परियोजना (Electoral Support Project) को व्यवस्थापन सहयोगमा मुलुकभर विभिन्न आठस्थानमा राजनीतिक दलका स्थानीय प्रमुख तथा प्रतिनिधिहरू, सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, गैरसरकारी संस्थाहरू, सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधिहरूलगायत विभिन्न सरोकारवालासँग अन्तर्क्रियासमेत गरी तयार पारिएको यस आचारसंहिताको मस्यौदा तर्जुमाका लागि परामर्शदाता श्री श्यामकुमार यादवको परामर्श लिइएको थियो ।

## सामाजिक अध्ययन विषयक शिक्षकहरूका लागि निर्वाचन शिक्षा प्रशिक्षण कार्यक्रम

विद्यालय शिक्षाका माध्यमबाट निर्वाचन शिक्षाको विस्तार गर्ने आयोगको नीतिअनुसार माध्यमिक तथा उच्च माध्यमिक विद्यालयका सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकहरूलाई सहभागी गराई धनगढी, पोखरा र झापामा प्रशिक्षण कार्यक्रम सम्पन्न गरियो । UNDP/ESP र IFES को आर्थिक सहायतामा सञ्चालित यस कार्यक्रममा लोकतन्त्र र संविधान, नागरिकका कर्तव्य र अधिकार, निर्वाचन प्रणाली, निर्वाचन चक्र, निर्वाचन व्यवस्थापन गर्ने निकाय, निर्वाचन कानुनसम्बन्धी जानकारीलगायतका विषयवस्तुका साथै विद्युतीय मतदान उपकरणको व्यवहारिक अभ्यास एवं नमूना मतदानसमेत गराइएको थियो । प्रशिक्षण कार्यक्रमसम्बन्धी सङ्क्षिप्त विवरण देहायबमोजिम रहेको छ :

### धनगढी, कैलालीमा सञ्चालित कार्यक्रम

२०७१ साल चैत ७ देखि १० गतेसम्म धनगढीमा प्रशिक्षण कार्यकम सञ्चालन गरियो । यस कार्यक्रममा विभिन्न विद्यालयबाट ८ महिला र १३५ पुरूष शिक्षक गरी जम्मा १४३ जना शिक्षकको सहभागिता रहेको थियो । त्यसैगरी सहसचिव श्री सूर्य प्रसाद शर्मा, उपसचिव श्री सूर्य प्रसाद अर्याल, शाखा अधिकृत श्री भेषराज रिजाल, शाखा अधिकृत श्री रामकृष्ण अर्याल, शाखा अधिकृत श्री हेमराज अर्याल, नायब सुब्बा श्री प्रमिला कोइराला र कम्प्युटर अपरेटर श्री देवीराम पाठकको सहभागिता रहेको थियो ।

| सि.नं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १. | राष्ट्रिय मावि | थापापुर, लम्कीचुहा |
| २. | उज्यालो शिक्षा सदन | लम्कीचुहा |
| ३. | भृकुटी मावि | खिमडी पण्डौन |
| ४. | सरस्वती उमावि | ओलानी, गोदावरी |
| ५. | आदर्श मावि | खर्गौली, जानकीनगर |
| ६. | भृकुटी मावि | सुवर्णपुर, दुगौली |
| ७. | राष्ट्रिय उमावि | बल्चौर बलिया, लम्कीचुहा |
| ८. | राष्ट्रिय मावि | स्कुलपुर, पथरैया |
| ९. | जनजागृति उमावि | चौरी, लम्कीचुहा |
| १०. | राष्ट्रिय मावि | मालाखेती, अत्तरिया |

| सि.नं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| ११. | भानु मेमोरियल इङ्गलिश बोर्डिङ स्कूल | भजनी त्रिशक्ति |
| १२. | राष्ट्रिय मावि | भजनी त्रिशक्ति |
| १३. | कर्मेश्वर उमावि | भजनी त्रिशक्ति |
| १४. | मोहन्याल उमावि | भजनी त्रिशक्ति |
| १५. | राष्ट्रिय उमावि | खैलाड, भजनी त्रिशक्ति |
| १६. | शान्ति मावि | फलेविसौना, सुगरखाल |
| १७. | कालिका मावि | अजिंगरे, सुगरखाल |
| १८. | क्यास्पियन ऐकेडेमी | धनगरपालिका, धनगढी |
| १९. | एमरल्ड ऐकेडेमी | धनगरपालिका, धनगढी |
| २०. | जे.के. उमावि | अत्तरीया |
| २१. | जनजागृती उमावि | चौरी, वलिया, लम्कीचुहा |
| २२. | सेती मै.चौ.मावि | टीकापुर |
| २३. | आइ.एम.इ. मावि | टीकापुर |
| २४. | सप्तश्री मावि | सुखडा |
| २५. | बालकल्याण मावि | लम्कीचुहा |
| २६. | सरस्वती मावि | कौवापुर, लम्कीचुहा |
| २७. | भैरव मावि | निगाली |
| २८. | नवजीवन मावि | वास्कोटी, बलिया |
| २९. | कृष्णध्वज चन्द मावि | गड्चौर, थापापुर |
| ३०. | आर. एन. उमावि | लम्कीचुहा |
| ३१. | एक्सिस विद्याश्रम | हसनपुर, धनगढी |
| ३२. | अरूणोदय उमावि | खैरीफाँटा, पथरैया |
| ३३. | हिमालय राष्ट्रिय मावि | अमरावती, टीकापुर |
| ३४. | मोति मावि | मोतिनगर, टीकापुर |
| ३५. | सरस्वती मावि | टीकापुर |
| ३६. | कर्णाली उमावि | टीकापुर |
| ३७. | खड्ग स्मृति उमावि | टीकापुर |
| ३८. | लोटस आई उमावि | अत्तरिया |
| ३९. | दुर्गालक्ष्मी उमावि | अत्तरिया |
| ४०. | कर्णाली उमावि | सत्ती, नारायणपुर |
| ४१. | जनता उमावि | चौरीपुर, लम्कीचुहा नगरपालिका |
| ४२. | कालिका उमावि | लम्कीचुहा नगरपालिका |
| ४३. | ग्ली ऐकेडेमी | हसनपुर, धनगढी |
| ४४. | राष्ट्रिय मावि | टीकापुर |
| ४५. | मयूर इङ्लिस बोर्डिङ हाइस्कूल | धनगढी |
| ४६. | महेन्द्र शिशु उमावि | दुर्गौली |
| ४७. | पायोनियर स्कलर्स ऐकेडेमी | धनगढी |
| ४८. | सुदूर पश्चिमाञ्चल क्याम्पस | धनगढी |
| ४९. | सनराइज इङ्लिस बोर्डिङ स्कूल | भजनी |
| ५०. | ग्यालेक्सी उमावि | धनगढी |
| ५१. | दीपेन्द्र मावि | थपालीपुर, लम्कीचुहा |
| ५२. | जनसेवा उमावि | गणेशपुर, लम्कीचुहा |
| ५३. | द गार्डनर बोर्डिङ स्कूल | धनगढी |
| ५४. | दुर्गा मावि | भजनी त्रिशक्ति |
| ५५. | स्टोन ब्रिज मावि | धनगढी |
| ५६. | महेन्द्र मावि | लालबोझी, भजनी त्रिशक्ति |
| ५७. | जनप्रभात मावि | लम्कीचुहा |
| ५८. | शुक्र मावि | खानीडाँडा |
| ५९. | भानु मावि | सहजपुर |
| ६०. | महुन्याल मावि | निगाली |

| सि.नं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| ६१. | सरस्वती उमावि | गेटा, अत्तरिया |
| ६२. | ठेकराज मावि | घोडसुवा, अत्तरिया |
| ६३. | शैलेश्वरी उमावि | अत्तरिया |
| ६४. | शारदा उमावि | वैय्यावेहडी, धनगढी |
| ६५. | मेलघट्टी मावि | घोडाघोडी |
| ६६. | सीताकुण्ड उमावि | रामशिखरझाला |
भूकम्पबाट ठूलो मात्रामा जनधनको क्षति भई मुलुकमा गम्भिर संकट उत्पन्न भई राहत, उद्धार तथा सहयोगको कार्यमा जुट्नुपर्ने अवस्था सिर्जना भएकोले मृत्यु भएका नेपाली नागरिक तथा अन्य व्यक्तिहरूप्रति श्रद्धान्जली व्यक्त गर्ने, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने, राहत उद्धारमा ध्यान केन्द्रित गर्ने र राहत कार्यमा ऐक्यवद्धता प्रकट गर्ने भनी मिति २०७२/१/१६ गते आयोगबाट निर्णय भएको थियो । भूकम्पबाट मृत्यु भएका नेपाली नागरिक र अन्य व्यक्तिहरूप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै सोक सन्तप्त परिवारप्रति आयोगले हार्दिक समवेदना व्यक्त गर्ने निर्णयसमेत गरिएको थियो । सो निर्णयमा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै आयोग र अन्तरगतका कार्यालयका कर्मचारीहरूबाट यथासम्भव उद्धार र राहतको कार्यमा सहयोग पुऱ्याउन निर्देशन गरिएको थियो । तत्काल राहतको लागि आयोगका प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरूबाट एक/एक महिनाको, सचिवबाट १५ दिनको, सहसचिव र उपसचिबबाट १० दिनको तथा शाखा अधिकृत र सोभन्दा तलका कर्मचारीहरूबाट ५ दिनको पारिश्रमिक कट्टी गरी एकमुष्ट रू. ७ लाख ७५ हजार ७ नेपाल सरकारबाट स्थापित प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उपलब्ध गराइएको थियो । भूकम्पबाट भएको क्षतिको विवरण संकलन, राहत वितरण, पुनर्वास एवं पुनर्स्थापना लगायत विपद् पश्चात्को आवश्यकता मूल्यांकन (Post Disaster Need Assessment) कार्यमा आयोगका १९ जना कर्मचारीहरू ललितपुर जिल्लाका विभिन्न गाविस तथा नगरपालिकामा खटिई जिम्मेवारी निर्वाह गर्नुभएको थियो । त्यसैगरी हरि सिद्दि, बुङमतिलगायत भूकम्पबाट प्रभावित उपत्यकाका विभिन्न स्थानमा पुगी आयोगका कर्मचारीहरूले भग्नावशेष हटाउनेलगायतका सरसफाइका कार्यहरू गर्नुभएको थियो । भूकम्पबाट भएको क्षतिको विवरण संकलन, राहत वितरण, पुनर्वास एवं पुनर्स्थापना लगायत विपद् पश्चात्को आवश्यकता मूल्यांकन तथा भूकम्प भग्नावशेष हटाउनेलगायतका सरसफाइका कार्यमा संलग्न आयोग र अन्तर्गतका कर्मचारीहरूको नामावली देहायअनुसार रहेको छ :

### ललितपुर जिल्लाको विभिन्न गाविस तथा नगरपालिकामा भूकम्पको क्षतिको विवरण संकलन, राहत वितरण, पुनर्वास एवं पुनर्स्थापना लगायत विपद् पश्चात्को आवश्यकता मूल्यांकन गर्न खटिएका आयोगका कर्मचारीहरूको नामावली

| सि. नं. | खटिएको स्थान | खटिएको कर्मचारीहरूको नाम |
|---|---|---|
| १. | चापागाउँ गाविस | शाखा अधिकृत श्री राजेन्द्रप्रसाद पोखरेल खरिदार श्री रमेश कुमार सुवेदी |
| २. | कालेश्वर गाविस | शाखा अधिकृत श्री नविन खालिङ्ग<br>नायव सुब्बा श्री केशर कुमार श्रेष्ठ |
| ३. | प्युटार गाविस | शाखा अधिकृत श्री विजय कुमार कार्की |
| ४. | लेले गाविस | शाखा अधिकृत श्री जनार्दन अधिकारी<br>कम्प्युटर अपरेटर श्री श्यामराज डंगोल |
| ५. | माल्टा गाविस | शाखा अधिकृत श्री चञ्चलकुमार क्षेत्री |
| ६. | देवीचौर गाविस | कम्प्युटर अधिकृत श्री सुमन घिमिरे<br>कम्प्युटर अपरेटर श्री कुमार लुइटेल |
| ७. | गिम्दी गाविस | कम्प्युटर इन्जिनीयर श्री सुरजप्रकाश अर्याल<br>खरिदार श्री ऋषिराज शर्मा |
| ८. | गोटीखेल गाविस | कम्प्युटर अधिकृत श्री नारायणकुमार विष्ट कम्प्युटर अपरेटर श्री प्रल्हाद सत्याल |
| ९. | चन्दनपुर गाविस | कम्प्युटर अधिकृत श्री श्रीराम क्षेत्री<br>नायव सुब्बा श्री विजय सिं बस्नेत |
| १०. | ललितपुर उमनपा वडा नं. २१-३० | शाखा अधिकृत श्री नम्रता चुडाल<br>नायब सुब्बा श्री बुद्धिमान कार्की |
| ११. | ललितपुर उमनपा वडा नं. १-१० | कम्प्युटर अपरेटर श्री गणेशलाल महर्जन |

### ललितपुर जिल्लाको हरिसिद्धीमा भूकम्पको भग्नावशेष हटाउने कार्यमा खटिएका आयोग र अन्तर्गतका कर्मचारीहरुको नामावली

| क्र.सं | खटिएका कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री मधुप्रसाद रेग्मी | सचिव |
| २. | श्री वीर बहादुर राई | सहसचिव |
| ३. | श्री मात्रिका प्रसाद श्रेष्ठ | सहसचिव (सूचना प्रविधि) |
| ४. | श्री लीला देवी गडतौला | सहसचिव |
| ५. | श्री हरिप्रसाद जोशी | सहन्यायाधिवक्ता |
| ६. | श्री सुशील कोइराला | उपसचिव (कानून) |
| ७. | श्री वावुराम श्रेष्ठ | उपसचिव (लेखा) |
| ८. | श्री सुवाशचन्द्र राई | उपसचिव |
| ९. | श्री रमानाथ पौडयाल | उपन्यायाधिवक्ता |

| क्र.सं | खटिएका कर्मचारीको नाम | पद |
|---|---|---|
| १०. | श्री दिपक कुमार श्रेष्ठ | वरिष्ठ कम्प्युटर अधिकृत |
| ११. | श्री चन्द्रबहादुर सिवाकोटी | उपसचिव |
| १२. | श्री एकनारायण शर्मा | उपसचिव |
| १३. | श्री लक्ष्मीदेवी होमागाई | उपसचिव |
| १४. | श्री रामगोविन्द अर्याल | वरिष्ठ कम्प्युटर अधिकृत |
| १५. | श्री सरोज भट्टराईं | उपसचिव (तथ्याङ्क) |
| १६. | श्री सूर्यप्रसाद अर्याल | उपसचिव |
| १७. | श्री देशबन्धु अधिकारी | उपसचिव |
| १८. | श्री प्रदीप भट्टराई | पुस्तकालय अधिकृत |
| १९. | श्री ऋषिराम भुसाल | शाखा अधिकृत |
| २०. | श्री देवीप्रसाद सुवेदी | शाखा अधिकृत |
| २१. | श्री निर्मला मिश्र ढकाल | शाखा अधिकृत |
| २२. | श्री हिराबहादुर महर्जन | मेशिन मेकानिक्स |
| २३. | श्री कुसुम बज्राचार्य | कम्प्युटर अधिकृत |
| २४. | श्री राजकुमार श्रेष्ठ | कम्प्युटर अधिकृत |
| २५. | श्री टुकनाथ अधिकारी | लेखा अधिकृत |
| २६. | श्री प्रदीप कुमार अधिकारी | कम्प्युटर अधिकृत |
| २७. | श्री बाबुराम कोइराला | प्रेस सुपरभाइजर |
| २८. | श्री भेष बहादुर कुँवर | शाखा अधिकृत |
| २९. | श्री माधव कार्की | शाखा अधिकृत |
| ३०. | श्री गोविन्द प्रसाद पौडेल | शाखा अधिकृत |
| ३१. | श्री शिवशरण थापामगर | कम्प्युटर अधिकृत |
| ३२. | श्री सुशीला श्रेष्ठ | शाखा अधिकृत |
| ३३. | श्री तुल्सीराम पाण्डे | शाखा अधिकृत |
| ३४. | श्री सन्तोष प्रसाद भण्डारी | शाखा अधिकृत |
| ३५. | श्री हेमराज अर्याल | शाखा अधिकृत |
| ३६. | श्री पूर्णबहादुर ओली | लेखा अधिकृत |
| ३७. | श्री रत्नकाजी महर्जन | कम्प्युटर अधिकृत |
| ३८. | श्री कुशेश्वर शाह | कम्प्युटर अधिकृत |
| ३९. | श्री राजेन्द प्रसाद कडेल | शाखा अधिकृत |
| ४०. | श्री रामकृष्ण अर्याल | शाखा अधिकृत |
| ४१. | श्री समिर थापा | कम्प्युटर इञ्जिनियर |
| ४२. | श्री सुदिपा कुइकेल | कम्प्युटर इञ्जिनियर |
| ४३. | श्री शोभा थापा | टाइपिष्ट नायब सुब्बा |
| ४४. | श्री पुष्पलता विष्ट | नायब सुब्बा |
| ४५. | श्री शिवओम भण्डारी | कम्प्युटर अपरेटर |
| ४६. | श्री प्रकाश भण्डारी | नायब सुब्बा |
| ४७. | श्री देविराम पाठक | कम्प्युटर अपरेटर |
| ४८. | श्री दिपक पौडेल | कम्प्युटर अपरेटर |
| ४९. | श्री ईश्वरीप्रसाद पन्थी | नायब सुब्बा |
| ५०. | श्री लक्ष्मी अर्याल (अधिकारी) | टेलिफोन अपरेटर |
| ५१. | श्री ममता मल्ल श्रेष्ठ | टाइपिष्ट नायब सुब्बा |

| क्र.सं | खटिएका कर्मचारीको नाम | पद |
|---|---|---|
| ५२. | श्री राधा धरेल | लेखापाल |
| ५३. | श्री उमेश तिवारी | लेखापाल |
| ५४. | श्री गोविन्द खरेल | नायब सुब्बा |
| ५५. | श्री प्रमिला कोइराला | नायब सुब्बा |
| ५६. | श्री विष्णुहरि मरासिनी | नायब सुब्बा |
| ५७. | श्री माधव अर्याल | नायब सुब्बा |
| ५८. | श्री राधादेवी पोखरेल | नायब सुब्बा |
| ५९. | श्री रोशन राई | नायब सुब्बा |
| ६०. | श्री दिनेशकुमार राई | कम्प्युटर अपरेटर |
| ६१. | श्री विष्ण गुरूङ | कम्प्युटर अपरेटर |
| ६२. | श्री सुमन पराजुली | लेखापाल |
| ६३. | श्री सुरथ कुमार गिरी | सि. इलेक्ट्रीसियन |
| ६४. | श्री साजन श्रेष्ठ | नायब सुब्बा |
| ६५. | श्री श्याम महर्जन | खरिदार |
| ६६. | श्री शान्ता घिमिरे (दाहाल) | खरिदार |
| ६७. | श्री पवित्रा पन्थी | खरिदार |
| ६८. | श्री महेश घिमिरे | कार्यालय सहायक |
| ६९. | श्री नवराज नगरकोटी | हलुका सवारी चालक |
| ७०. | श्री तीर्थ महर्जन | हलुका सवारी चालक |
| ७१. | श्री लेखबहादुर कार्की | हलुका सवारी चालक |
| ७२. | श्री गंगाराम महर्जन | हलुका सवारी चालक |
| ७३. | श्री बाबुराजा महर्जन | हलुका सवारी चालक |
| ७४. | श्री अनिल थापामगर | कार्यालय सहयोगी |
| ७५. | श्री धनराज महर्जन | हलुका सवारी चालक |
| ७६. | श्री श्यामकृष्ण खड्का | हलुका सवारी चालक |
| ७७. | श्री लक्ष्मी नारायण चौधरी | हलुका सवारी चालक |
| ७८. | श्री सन्दिप न्यौपाने | हलुका सवारी चालक |
| ७९. | श्री प्रदिम्नप्रसाद पौडेल | कार्यालय सहयोगी |
| ८०. | श्री विष्णुकुमार घिमिरे | कार्यालय सहयोगी |
| ८१. | श्री राजकुमार वस्नेत | कार्यालय सहयोगी |
| ८२. | श्री कमला थापा | कार्यालय सहयोगी |
| ८३. | श्री कपिल पौडेल | कार्यालय सहयोगी |
| ८४. | श्री केशवनाथ आचार्य | कार्यालय सहयोगी |
| ८५. | श्री कृष्ण प्रसाद भण्डारी | कार्यालय सहयोगी |
| ८६. | श्री कुमार भुर्तेल | कार्यालय सहयोगी |
| ८७. | श्री प्रमिला पोडे | कुचीकार |
| ८८. | श्री इन्दिरा गौतम | कुचीकार |
| ८९. | श्री गोविन्द बुढाथोकी | कार्यालय सहयोगी |
| ९०. | श्री रूपा चौलागाई | कार्यालय सहयोगी |
| ९१. | श्री कल्पना हुमागाईं | कार्यालय सहयोगी |
| ९२. | श्री मधु वि.क. | कार्यालय सहयोगी |
| ९३. | श्री रामगोपाल सेढाई | कार्यालय सहयोगी |

| क्र.सं | खटिएका कर्मचारीको नाम | पद |
|---|---|---|
| ९४. | श्री रोशन रिजाल | कार्यालय सहयोगी |
| ९५. | श्री भोलाप्रसाद पौडेल | माली |
| ९६. | श्री सावित्री घिमिरे | कुचीकार |
| ९७. | श्री धनकुमारी नेपाली | कुचीकार |
| ९८. | श्री प्रकाश नेपाली | कुचीकार |
| ९९. | श्री विमला नेपाली | कुचीकार |
| १००. | श्री अनिल गरूङ | कार्यालय सहयोगी |
| १०१. | श्री मन्दिरा काफ्ले | कार्यालय सहयोगी |
| १०२. | श्री अन्जु तामाङ | कार्यालय सहयोगी |
| १०३. | श्री रेखा कुमारी मगर | कार्यालय सहयोगी |
| १०४. | श्री जुनी थापामगर | कार्यालय सहयोगी |
| १०५. | श्री रोहित खड्का | कार्यालय सहयोगी |
| १०६. | श्री रमा पौडेल | कार्यालय सहयोगी |
| १०७. | श्री सञ्जयराज काफ्ले | कार्यालय सहयोगी |
| १०८. | श्री चन्द्रप्रसाद गौतम | जिल्ला निर्वाचन अधिकारी (उपसचिव), काठमाडौं |
| १०९. | श्री वसन्तलाल महर्जन | शाखा अधिकृत |
| ११०. | श्री गोपीकृष्ण ज्ञवाली | लेखा अधिकृत |
| १११. | श्री देशबन्धु श्रेष्ठ | कम्प्युटर अधिकृत |
| ११२. | श्री भद्रा अर्याल | नायब सुब्बा |
| ११३. | श्री दुर्गा नोपाल | नायब सुब्बा |
| ११४. | श्री भावना निरौला | कम्प्युटर अपरेटर |
| ११५. | श्री तेजनारायण तिवारी | नायब सुब्बा |
| ११६. | श्री रेशम नगरकोटी | हलुका सवारी चालक |
| ११७. | श्री कुमार मगर | कार्यालय सहयोगी |
| ११८. | श्री ध्रुव महर्जन | कार्यालय सहयोगी |
| ११९. | श्री सीता साम्बा | जिल्ला निर्वाचन अधिकारी, ललितपुर |
| १२०. | श्री आत्माराम खनाल | लेखापाल |
| १२१. | श्री कोपिला खत्री | कम्प्युटर अपरेटर |
| १२२. | श्री माधव पुरी | हलुका सवारी चालक |
| १२३. | श्री सुन्दरा भट्टराई | कार्यालय सहयोगी |

### काठमाडौं जिल्लाको गोंगबुमा भूकम्पको भग्नावशेष हटाउने कार्यमा खटिएका आयोगका कर्मचारीहरुको नामावली

| सि. नं. | नामथर | पद |
|---|---|---|
| १. | श्री एकनारायण शर्मा | उपसचिव |
| २. | श्री सूर्यप्रसाद अर्याल | उपसचिव |
| ३. | श्री देशबन्धु अधिकारी | उपसचिव |

### ललितपुर जिल्लाको बुङ्गमतीमा भूकम्पको भग्नावशेष हटाउने कार्यमा खटिएका आयोगका कर्मचारीहरुको नामावली

| सि. नं. | नामथर | पद |
|---|---|---|
| १. | श्री एकनारायण शर्मा | उपसचिव |
| २. | श्री रामगोविन्द अर्याल | वरिष्ठ कम्प्युटर अधिकृत |
| ३. | श्री सूर्यप्रसाद अर्याल | उपसचिव |
| ४. | श्री देशबन्धु अधिकारी | उपसचिव |
| ५. | श्री भेषराज रिजाल | शाखा अधिकृत |
| ६. | श्री बद्रीनाथ गैह्रे | शाखा अधिकृत |
| ७. | श्री युवराज गुरागाईं | शाखा अधिकृत |
| ८. | श्री हेमराज अर्याल | शाखा अधिकृत |
| ९. | श्री माधव कार्की | शाखा अधिकृत |
| १०. | श्री गोविन्द प्रसाद पौडेल | शाखा अधिकृत |
| ११. | श्री राजेन्द्र प्रसाद कडेल | शाखा अधिकृत |
| १२. | श्री पुष्पलता विष्ट | नायब सुब्बा |
| १३. | श्री प्रकाश भण्डारी | नायब सुब्बा |
| १४. | श्री साजन श्रेष्ठ | नायब सुब्बा |
| १५. | श्री देवीराम पाठक | कम्प्युटर अपरेटर |
| १६. | श्री सुमन पराजुली | लेखापाल |
| १७. | श्री दिनेशकुमार राई | कम्प्युटर अपरेटर |
| १८. | श्री केशवबहादुर थापामगर | हलुका सवारी चालक |
| १९. | श्री रूपा चौलागाई | कार्यालय सहयोगी |
| २०. | श्री रेखा कुमारी मगर | कार्यालय सहयोगी |

### उद्धार तथा राहत वितरणमा जिल्ला निर्वाचन कार्यालयका कर्मचारीको सहयोग र संलग्नता

भूकम्पबाट प्रभावित भएका जिल्लाहरूमा रहेका जिल्ला निर्वाचन कार्यालयमा कार्यरत देहायका कर्मचारीहरू उद्दार तथा राहत वितरणका कार्यमा परिचालन भएका थिए :

| सि. नं. | जिल्ला | नाम थर | पद |
|---|---|---|---|
| १. | काठमाडौं | श्री चन्द्रप्रसाद गौतम | जिल्ला निर्वाचन अधिकारी |
| २. | ,, | श्री वसन्तलाल महर्जन | शाखा अधिकृत |
| ३. | ,, | श्री भावना निरौला | नायब सुब्बा |
| ४. | ,, | श्री तेज नारायण तिवारी | कम्प्युटर अपरेटर |
| ५. | ,, | श्री रेशम नगरकोटी | हलुका सवारी चालक |
| ६. | ललितपुर | श्री सीता साम्बा | जिल्ला निर्वाचन अधिकारी |
| ७. | भक्तपुर | श्री चुरामणि पन्थी | जिल्ला निर्वाचन अधिकारी |
| ८. | गोरखा | श्री निलकण्ठ शर्मा | जिल्ला निर्वाचन अधिकारी |
| ९. | ,, | श्री शिवप्रसाद घिमिरे | नायब सुब्बा |
| १०. | ,, | श्री मोहन भट्टराई | कम्प्युटर अपरेटर |
| ११. | ,, | श्री केशब रिजाल | हलुका सवारी चालक |
| १२. | ,, | श्री प्रल्हाद थापा | कार्यालय सहयोगी |
| १३. | सिन्धुपाल्चोक | श्री उमेश कुमार राई | जिल्ला निर्वाचन अधिकारी |
| १४. | ,, | श्री बच्चु सिंह खड्का | नायब सुब्बा |
| १५. | ,, | श्री पदम रानामगर | लेखापाल |

| सि. नं. | जिल्ला | नाम थर | पद |
|---|---|---|---|
| १६. | दोलखा | श्री देवी पाण्डे खत्री | जिल्ला निर्वाचन अधिकारी |
| १७. | ,, | श्री लेख बहादुर बस्नेत | नायब सुब्बा |
| १८. | ,, | राजु महत | हलुका सवारी चालक |
| १९. | रामेछाप | डा. चक्र पाणि आचार्य | जिल्ला निर्वाचन अधिकारी |
| २०. | ,, | श्री रामहरि के.सी. | कम्प्युटर अपरेटर |
| २१. | ,, | श्री नारायण प्रसाद तिमल्सिना | हलुका सवारी चालक |
| २२. | ,, | श्री ठाकुरमान मोक्तान | कार्यालय सहयोगी |
| २३. | ,, | श्री दुर्गा बहादुर प्रधान | कार्यालय सहयोगी |
| २४. | सिन्धुली | श्री कृष्णहरि न्यौपाने | जिल्ला निर्वाचन अधिकारी |
| २५. | ,, | श्री रोशन यादव | कम्प्युटर अपरेटर |
| २६. | काभ्रेपलाञ्चोक | श्री गजेन्द्र बहादुर अधिकारी | लेखापाल |
| २७. | ,, | श्री भोजकुमारी सोमै | कम्प्युटर अपरेटर |
| २८. | ,, | श्री श्याम राजा ठकुरी | हलुका सवारी चालक |
| २९. | नुवाकोट | श्री कृष्ण पुडासैनी | जिल्ला निर्वाचन अधिकारी |
| ३०. | ,, | श्री रमेश श्रेष्ठ | कार्यालय सहयोगी |
| ३१. | ,, | श्री सुमन केसी | कार्यालय सहयोगी |
| ३२. | रसुवा | श्री मिठु थापा | जिल्ला निर्वाचन अधिकारी |
| ३३. | ,, | श्री राजेन्द्र कुमार आचार्य | नायब सुब्बा |
| ३४. | ,, | श्री ओपेन्द्र ओली | कम्प्युटर अपरेटर |
| ३५. | ,, | श्री राजेन्द्र अधिकारी | हलुका सवारी चालक |
| ३६. | ,, | श्री विनोद घले | कार्यालय सहयोगी |
| ३७. | | श्री तारा प्रसाद आचार्य | कार्यालय सहयोगी |
| ३८. | धादिङ | श्री राजेन्द्र श्रेष्ठ | हलुका सवारी चालक |
| ३९. | ,, | श्री दीप नारायण श्रेष्ठ | कार्यालय सहयोगी |
| ४०. | ओखलढुङ्गा | श्री अनिल किराती | जिल्ला निर्वाचन अधिकारी |
| ४१. | ,, | श्री ओमबहादुर मगर | हलुका सवारी चालक |
| ४२. | ,, | श्री कविराज ओझा | कार्यालय सहयोगी |
| ४३. | ,, | श्री दानबहादुर बानिया | कार्यालय सहयोगी |
| ४४. | खोटाङ | श्री श्रीकुमार राई | जिल्ला निर्वाचन अधिकारी |
| ४५. | ,, | श्री डबर बहादुर राई | हलुका सवारी चालक |
| ४६. | स्याङ्जा | श्री गंगाधर सुवेदी | जिल्ला निर्वाचन अधिकारी |

### भूकम्पपछि निर्वाचन शिक्षा तथा सूचना केन्द्रसमेतबाट आयोगका महाशाखा, शाखाहरुको सञ्चालन

२०७२ साल बैशाख १२ गतेको विनाशकारी भूकम्पले निर्वाचन आयोगको मुख्य भवनको छत, पर्खाल र जगमासमेत क्षति पुर्‍याई विभिन्न स्थानमा चर्किएकोले उक्त भवनमा रही दैनिक कार्य सञ्चालन गर्न जोखिमपूर्ण हुने हुँदा आयोगको दैनिक कार्य सञ्चालन गर्नको लागि वैकल्पिक व्यवस्था गर्नुपर्ने अवस्था सिर्जना भयो । भवनका भौतिक अवस्थाको निरीक्षण गर्न आएको प्राविधिक टोलीले समेत भवनका केही कोठाहरू जोखिमपूर्ण रहेको भनी स्टिकरसमेत टाँसेको र भूकम्पपश्चात् निरन्तर आइरहेका पराकम्पनका धक्काले चर्किएको ठाउँको फैलावट क्रमशः बढाउँदै लैजानसक्ने अवस्थामा पिलर सिस्टम नभएको उक्त पुरानो भवनको पुनर्निर्माण नभएसम्म आयोग परिसरमा रहेका निर्वाचन शिक्षा तथा सूचना केन्द्र, मिडिया सेन्टर तथा पर्यवेक्षण कक्ष र स्टोर रहेका भवनहरूबाट कार्यसञ्चालन गर्ने आयोगको मिति २०७२/१/२४ को निर्णयबमोजिम आयोग र सचिवालयका क्रियाकलापहरू सञ्चालन गरिँदै आएको छ । आयोगको खुला परिसरमा वैकल्पिक व्यवस्था गरी दैनिक कार्यसञ्चालन गर्नुपर्ने भएकोले सोका लागि UNDP/ESP लाई अनुरोध गरी सोको जानकारी गृह मन्त्रालयमार्फत नेपाल सरकारसमेतलाई गराइएको छ ।

### जिल्ला निर्वाचन कार्यालय, सिन्धुपाल्चोक र दोलखाको डाटा व्यवस्थापन

निर्वाचनको मूल आधार मतदाता नामावली भएको हुनाले मतदाता नामावलीको सङ्कलित तथा अद्यावधिक डाटालाई सुरक्षित र व्यवस्थित गर्नुपर्ने हुन्छ । सोही क्रममा सिन्धुपाल्चोक र दोलखा जिल्लाका जिल्ला निर्वाचन कार्यालयमा क्षति भएको र क्षतिग्रस्त कार्यालयमा महत्वपूर्ण डाटा राखी रहँदा कुनै पनि बेला पूर्ण क्षति हुनसक्ने भएकोले ती जिल्लाका डाटा आयोगको केन्द्रीय सचिवालयमा ल्याई सुरक्षितरूपमा राख्नाले ठूलो धनराशी लगानी गरी सङ्कलित तथा अद्यावधिक डाटा सुरक्षित हुन पुगेको छ ।

### जिल्ला निर्वाचन कार्यालय, सिन्धुपाल्चोक, दोलखा र गोरखाको स्थलगत अवलोकन

आयोगका सहसचिव श्री वीरबहादुर राईको नेतृत्वमा शाखा अधिकृत श्री युवराज गुरागाईंसमेत सम्मिलित टोलीबाट भूकम्प प्रभावित जिल्ला निर्वाचन कार्यालय, सिन्धुपाल्चोकको स्थलगत अवलोकन भ्रमण सम्पन्न भएको छ । जिल्ला निर्वाचन अधिकारी श्री उमेश राईको उपस्थितिमा गरिएको अवलोकनका क्रममा सहसचिव श्री वीरबहादुर राईले कार्यालयका सामग्रीहरूको सुरक्षा गर्दै सुरक्षिततवरले कार्यालय सञ्चालन गर्नुपर्नेलगायतका सुझाव राख्नुभएको थियो ।

त्यसैगरी आयोगका शाखा अधिकृत श्री भेषराज रिजाल र नायब सुब्बा श्री ईश्वरी पन्थीको टोलीले भूकम्प प्रभावित जिल्ला निर्वाचन कार्यालय, दोलखा र गोरखाको स्थलगत अध्ययन गरी क्षतिग्रस्त कार्यालयका सामग्रीको सम्बन्धमा आयोगमा प्रतिवेदनसमेत पेश गरेको छ । सो प्रतिवेदनसमेतका आधारमा जिल्ला निर्वाचन कार्यालय, दोलखाले भूकम्पबाट क्षति भई काम नलाग्ने भएका कार्यालय सामग्रीको लिलाम सम्पन्न गरिसकेको छ ।

### युएनडिपी इएसपीको भवन ललितपुरमा स्थानान्तरण

आयोग र अन्तर्गतका जिल्ला निर्वाचन कार्यालयहरूबाट सम्पादन हुने कार्यहरूमा आर्थिक र प्राविधिकरूपमा सहयोग गर्दै आएको विकास साझेदार संस्था युएनडिपी इएसपी भूकम्पपश्चात् ललितपुर जिल्लाको चाकुपाटमा सरेको छ । आयोगसँगै रही सहयोग पुर्‍याउँदै आएकोमा २०७२ साल बैशाख १२ गतेको भूकम्पबाट युएनडिपी इएसपी बस्दै आएको कान्तिपथस्थित बहादुरभवनको तला तथा कोठाहरू भूकम्पबाट क्षतिग्रस्त भएकोले युएनडिपी इएसपीले आफ्नो कार्यालय सारेको छ । युएनडिपी इएसपीले आयोगसँग सन् २००८ देखि निरन्तर सहयोग र सहकार्य गर्दै आइरहेको छ ।

### मनोपरामर्शस्वरूप योगसम्बन्धी कार्यक्रम सञ्चालन

२०७२ साल बैशाख १२ गते गएको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पबाट सिर्जित मानसिक तनाव न्यूनीकरण गर्ने उद्देश्यले आर्ट अफ लिभिङ नामक संस्थाका योगगुरु श्री राम पाण्डे र उहाँका सहयोगीहरू सायस्ता पोखरेल, नितिशा भण्डारी र यलम्बर राई सम्मिलित टोलीबाट २०७२ साल जेठ १८ गते निर्वाचन शिक्षा तथा सूचना केन्द्रको तालिम हलमा आयोगका कर्मचारीहरूलाई सहभागी गराई योगसम्बन्धी कार्यक्रम सञ्चालन गरियो । सो कार्यक्रममा सचिव श्री मधुप्रसाद रेग्मी, सहसचिव श्री वीरबहादुर राई, सहसचिव श्री मात्रिका प्रसाद श्रेष्ठ, उपसचिवहरूलगायत अधिकृत तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

## दोस्रो रणनीतिक योजना, २०७१-२०७६ तर्जुमा

निर्वाचन आयोगको पहिलो पञ्चवर्षीय रणनीतिक योजना, २०६५-२०७० सम्पन्न भइसकेपछि दोस्रो रणनीतिक योजना, २०७२-२०७६ तर्जुमा गरी आयोगको मिति २०७२/३/१७ को निर्णयबाट स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ। दोस्रो रणनीतिक योजनामा पाँचवर्षे विशेष क्रियाकलापहरूको साथै दुईवर्षे कार्ययोजना, २०७२-२०७३ समेत समावेश गरी दुईवर्षमा पूरा गर्नुपर्ने क्रियाकलापहरूको प्राथमिकता र समय सीमा निर्धारण गरिएको छ।

'उत्कृष्ट निर्वाचन व्यवस्थापनका लागि आयोगलाई सक्षम निकायको रूपमा संस्थागत गर्ने' दूरदृष्टि (Vision) तथा 'संविधान निर्दिष्ट निर्वाचनलाई व्यावसायिक, कुशल, पारदर्शी र विश्वसनीय ढङ्गबाट सञ्चालन गर्ने' अभियान (Mission) लिएको यस रणनीतिक योजनाले स्वायत्तता, निष्पक्षता, समावेशिता, पारदर्शिता, सेवा उन्मुखता, व्यावसायिक दक्षता, जिम्मेवारी र जवाफदेहिता, सहभागितामूलक पद्धति, विश्वसनीयता, लागत प्रभावकारिता, पूर्व क्रियाशीलता र नवप्रवर्तनलाई मार्गदर्शक सिद्धान्तहरू (Guiding Principles) का रूपमा स्वीकारेको छ।

यसमा पाँचवटा रणनीतिक स्तम्भ (Pillar) अन्तर्गत १७ वटा रणनीतिक लक्ष्यहरू निर्धारण गरिएका छन्। ती लक्ष्य प्राप्तिका लागि आवश्यक क्रियाकलापहरूसमेत पहिचान गरिएको छ। रणनीतिक स्तम्भ तथा सो अन्तर्गतका लक्ष्यहरू देहायबमोजिम रहेका छन् :

**स्तम्भ १ संस्थागत विकास**

लक्ष्य १ आयोगको संस्थागत क्षमता सुदृढ गर्ने।

लक्ष्य २ योजना प्रक्रियालाई सुदृढ तुल्याउने।

लक्ष्य ३ नयाँ संविधानसँग अनुकूल हुनेगरी निर्वाचनसम्बन्धी कानुन सुधार गर्ने।

**स्तम्भ २ सङ्गठन र क्षमता विकास**

लक्ष्य ४ जिल्ला निर्वाचन कार्यालयहरूको भौतिक पूर्वाधार सुधार गर्ने।

लक्ष्य ५ आयोगको मानव संसाधनको क्षमता अभिवृद्धि गर्ने।

लक्ष्य ६ सञ्चार माध्यमसँगको संलग्नता सुदृढ तुल्याउने।

**स्तम्भ ३ दर्ता र निर्वाचन प्रविधि**

लक्ष्य ७ योग्य मतदाताहरूको दर्ता सुनिश्चित गर्ने।

लक्ष्य ८ राजनीतिक दलको दर्तालाई कुशलतापूर्वक नियमन र व्यवस्थित गर्ने।

लक्ष्य ९ सूचना प्रविधिको प्रयोग गरी निर्वाचन व्यवस्थापनमा सुधार गर्ने।

**स्तम्भ ४ निर्वाचन शिक्षा र सङ्गठनात्मक पहुँच**

लक्ष्य १० मतदाता शिक्षा सुधार गर्ने।

लक्ष्य ११ निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्तरोन्नति गर्ने।

लक्ष्य १२ निर्वाचनसम्बन्धी अनुसन्धान गर्ने संस्था स्थापना गर्ने।

लक्ष्य १३ सबै तहको निर्वाचन व्यवस्थापनमा लैङ्गिक एवं समावेशिता (Gender and Inclusion) सुनिश्चित गर्ने।

लक्ष्य १४ निर्वाचनसँग सम्बन्धित सरोकारवालासँगको समन्वय र साझेदारीलाई सुदृढ गर्ने।

**स्तम्भ ५ सामग्री व्यवस्थापन र निर्वाचन सञ्चालन**

लक्ष्य १५ मतदाता र निर्वाचन अधिकारीमैत्री निर्वाचन सञ्चालन गर्ने।

लक्ष्य १६ सामग्री व्यवस्थापन कुशलतापूर्वक गर्ने।

लक्ष्य १७ निर्वाचन जोखिम व्यवस्थापन प्रणाली कार्यान्वयन गर्ने।

दोस्रो रणनीतिक योजना तर्जुमाका लागि आयोगका पदाधिकारी एवं कर्मचारीहरूबाट सुझाव संकलनका साथै राजनीतिक दल, सरकारी निकाय, प्राज्ञिक व्यक्ति, पर्यवेक्षक, अन्तर्राष्ट्रिय दातृनिकाय र गैरसरकारी संस्थालगायतका सरोकारावालाहरूसँग विभिन्न तहमा छलफल, गोष्ठी तथा अन्तर्क्रिया भएका थिए। योजना निर्माण गर्न प्रारम्भिक छलफल, परामर्श र मस्यौदा तयारीका लागि २०७१ सालको वैशाखदेखि कार्तिक (May-November, 2014) सम्मको समय लागेको थियो। आयोगले निर्णय गरेबमोजिम निर्वाचन आयुक्त श्री इला शर्माको संयोजकत्वमा रणनीतिक योजना तर्जुमा समिति र सो समिति मातहत उपसचिव श्री गोपाल प्रसाद अर्यालको संयोजकत्वमा एक कार्यदलसमेत गठन गरिएको थियो।

निर्वाचन आयोगले निर्दिष्ट लक्ष्य र क्रियाकलापसहित थालनी गरेको पहिलो पञ्चवर्षीय रणनीतिक योजना वि.सं. २०६५-२०७० (सन् २००९-२०१३) को कार्यान्वयनबाट आयोगलाई स्वतन्त्र, निष्पक्ष र विश्वसनीयरूपमा निर्वाचन सञ्चालन गर्न संस्थागत रूपमा सुदृढ बनाउन महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन्। पहिलो योजनामा निर्दिष्ट गरिएका ५१ वटा क्रियाकलापहरूमध्ये २१ वटाको कार्यान्वयन उत्कृष्ट (४१.१७ प्रतिशत), १९ वटाको कार्यान्वयन उत्तम (३७.२५ प्रतिशत), ४ वटा अपूर्ण (७.८४ प्रतिशत) भएको र ७ वटा (१३.७२ प्रतिशत) कार्यान्वयन हुन बाँकी रहेका थिए। उत्कृष्ट र उत्तम सूचकहरू मिलाउँदा योजनाको कुल लक्ष्य मध्ये ७८.४२ प्रतिशत लक्ष्य पूरा भएको देखिन्छ। बायोमेट्रिक विवरणसहितको मतदाता नामदर्ता र फोटोसहितको मतदाता नामावली तथा परिचयपत्र लागू गर्ने कार्य पहिलो रणनीतिक योजनाको मुख्य उपलब्धि हो। आयोगमा निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना र सञ्चालन, दक्ष तथा तालीम प्राप्त जनशक्तिको विकास, विभिन्न भाषामा मतदाता शिक्षा सञ्चालन तथा निर्वाचन कार्यसञ्चालनमा सुधार आदि पहिलो रणनीतिक योजनाका अन्य उल्लेखनीय उपलब्धिहरू हुन्। पहिलो रणनीतिक योजनाले तयार गरेको पद्दति, प्रक्रिया एवं पूर्वाधारका आधारमा अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० र त्यसका उपनिर्वाचनसमेत सम्पन्न भएका छन्।


## "निर्वाचन पत्रिका" वर्ष ४, अङ्क १, पूर्णाङ्क ६ प्रकाशन

निर्वाचन आयोगबाट २०६८ साल असोजबाट प्रकाशन प्रारम्भ भई निरन्तर प्रकाशित हुँदै आइहेको निर्वाचन र लोकतान्त्रिक शासन व्यवस्थासम्बन्धी अर्धवार्षिक पत्रिका 'निर्वाचन' को वर्ष ४, अङ्क १, पूर्णाङ्क ६, २०७१ आश्विन अङ्क हालै प्रकाशित भएको छ।

नेपाली वा अङ्ग्रेजी भाषाका लेखरचना प्रकाशित हुने यस पत्रिकाको प्रस्तुत अङ्कमा डा. अयोधीप्रसाद यादव, काशीराज दाहाल, नरेन्द्र दाहाल, वीरबहादुर राई, लीला देवी गड्तौला, खेमराज ज्ञवाली, गोविन्दप्रसाद रिजाल, लक्ष्मीदेवी होमागाईं, सूर्य प्रसाद अर्याल, भेषराज रिजाल, हेमराज अर्याल, युवराज गुरागाईं, ममता श्रेष्ठ मल्लका नेपाली भाषाका लेखरचनाहरू क्रमशः 'निर्वाचन र राज्य संरचनामा अल्पसङ्ख्यकहरूको समावेशी प्रतिनिधित्व', 'निर्वाचन आयोगको सुदृढीकरण', 'आमनागरिक, मतदाता नामावली सङ्कलन र अद्यावधिक कार्यमा आयोगको भूमिका, चुनौती र सुधारका उपायहरू', 'निर्वाचनमा कसैप्रति समर्थन नभएको मत दिने व्यवस्था (NOTA)', 'निर्वाचन अनुगमन : सन्दर्भ संविधानसभा सदस्य निर्वाचन, २०७०', 'निजामती सेवामा ट्रेड युनियन अधिकारको अभ्यास', 'निर्वाचन पर्यवेक्षण : सन्दर्भ संविधानसभा सदस्य निर्वाचन, २०७०', 'नेपालमा ब्रिज कार्यक्रम', 'निर्वाचन पत्रिका र बुलेटिन : प्रारम्भदेखि वर्तमानसम्म', 'नेपालको निजामती सेवा : हालको अवस्था तथा भावी कार्यदिशा', 'निर्वाचन प्रणालीको प्रयोग र प्रभाव' र 'निर्वाचनमा कल सेन्टरको भूमिका : सन्दर्भ संविधानसभा सदस्य निर्वाचन, २०७०' प्रकाशित भएका छन्।

वासुदेव गुरागाईंद्वारा लिखित 'निर्वाचनका दुई अविस्मरणीय घटना' नामक निर्वाचन संस्मरणका साथै सुवाशचन्द्र राई र अनिल किरातीद्वारा लिखित क्रमशः 'अवकासको सङ्घार' र 'निर्वाचन' नामक कवितासमेत नेपाली लेखरचना खण्डमा प्रकाशित भएका छन् ।

त्यसैगरी अङ्ग्रेजी लेख रचना खण्डमा डा. चन्द्र कान्त ज्ञवाली, वावुराम श्रेष्ठ, देविप्रसाद सुवेदी र राजेन्द्र प्रसाद कडेलद्वारा लिखित क्रमशः 'Indigenous and Minorities Rights Ensured by Electoral Process, Political Finance in Nepal:brief overview', 'Towards a Robust Electoral Decision Support System', 'Presidential Elections, Sri Lanka: Thorough Observation' लेखरचना प्रकाशित भएका छन् । यस अङ्कमा वार्षिक समीक्षा तथा दोस्रो रणनीतिक योजना तर्जुमा गोष्ठी, विदेशमा रहेका नेपाली नागरिकहरूको मतदाता नामावलीमा नाम दर्ता गर्ने सम्बन्धमा अध्ययन, निर्वाचन खर्च नबुझाउने उम्मेदवारहरूलाई कारवाहीलगायतका समसामयिक निर्वाचन गतिविधिहरूसमेत समाविष्ट गरिएको छ ।




अर्धवार्षिक पत्रिका 'निर्वाचन' वर्ष ४, अङ्क १, पूर्णाङ्क ६

## अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० सम्बन्धी प्रतिवेदन स्वीकृत

आयोगको मिति २०७२/३/१७ को निर्णयानुसार अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० तथा त्यसको उपनिर्वाचन, २०७१ को प्रतिवेदन स्वीकृत गरिएको छ । निर्वाचन कानुन तथा राजनीतिक दल व्यवस्थापन, मतदाता नामावली, योजना तथा कार्यक्रम, तालिम तथा प्रशिक्षण, जनशक्ति व्यवस्थापन, सूचना प्रविधि, सामग्री व्यवस्थापन, आर्थिक व्यवस्थापन लगायतका समग्र पक्षमा निर्वाचनको तयारी, सञ्चालन, व्यवस्थापन तथा परिणामसमेतका गतिविधि प्रतिवेदनमा समेटिएको छ । सहसचिव (कानुन) श्री लीला देवी गडतौलाको संयोजकत्वमा उपसचिव श्री चन्द्र बहादुर सिवाकोटी, उपन्यायाधिवक्ता श्री हरिप्रसाद जोशी, उपसचिव श्री लक्ष्मीदेवी होमागाईं, उपसचिव श्री देशबन्धु अधिकारी, शाखा अधिकृत श्री युवराज गुरागाईं, शाखा अधिकृत श्री हेमराज अर्याल, कम्प्युटर अधिकृत श्री प्रदीप अधिकारी, कम्प्युटर अपरेटर श्री दिपक पौडेल सम्मिलित प्रतिवेदन तयारी समितिले तयार गरेको मस्यौदा आयोगले स्वीकृत गरी प्रतिवेदन छपाइका क्रममा रहेको छ ।

## विकास समितिमा स्थानीय निकायको निर्वाचनसम्बन्धी छलफल

व्यवस्थापिका संसदको विकास समितिका सभापति श्री रवीन्द्र अधिकारीको सभापतित्वमा मिति २०७२/३/१४ गते सम्पन्न बैठकमा आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त श्री दोलखबहादुर गुरूङले स्थानीय निकायको निर्वाचनलगायतका विषयमा आफ्ना धारणा राख्नुभएको थियो । कार्यवाहक प्रमुख निर्वाचन आयुक्तले स्थानीय निकायको निर्वाचनका लागि आयोगको तयारी र तत्परता बेलाबखतमा सार्वजनिक गर्दै आएको अवगत गराउँदै None of the Avobe (NOTA), बन्द सूचीलाई खुला गर्ने, थ्रेसहोल्डलगायतका विषयमा निर्वाचनसम्बन्धी ऐन कानुनमा संशोधन गर्न प्रस्ताव गरिएको बताउनुभएको थियो । निर्वाचनको मिति आयोगले घोषणा गर्न पाउनुपर्ने, आयोगलाई पदाधिकारीविहिन राख्ने नहुने, स्थानीय निर्वाचनलगायतका विषयमा राजनीतिक सहमति गरी छिटै निर्वाचन गराउनुपर्ने लगायतका विषयमा बोल्दै कार्यवाहक प्रमुख निर्वाचन आयुक्तले स्थानीय निर्वाचन बढी संवेदनशील र जटिल भएकोले सम्बद्ध पक्षको दृढ इच्छाशक्ति आवश्यक पर्ने धारणा राख्नुभएको थियो । निर्वाचनका लागि मतदाता नामावली सङ्कलन तथा अद्यावधिक, परिचयपत्र वितरणलगायतका पूर्वाधार तयारीमा लागेको आयोग निर्वाचन घोषणा भएपछि तीनमहिनाभित्र निर्वाचन सम्पन्न गर्न सक्षम रहेको बताउनुभएको थियो ।

उपप्रधान तथा गृहमन्त्री श्री वामदेव गौतम, संघीय मामिला तथा स्थानीय विकास मन्त्री श्री प्रकाशमान सिंह, सभासद् श्री विजयकुमार गच्छदारलगायत उपस्थित माननीय सभासदहरूले स्थानीय निकायको निर्वाचनको औचित्य र आवश्यकताबारे आ-आफ्ना धारणा राख्नुभएको थियो । सो कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव श्री लीलामणि पौडेल र आयोगका सचिव श्री मधुप्रसाद रेग्मीको समेत उपस्थिति रहेको थियो ।

## Joint Task Force on Electoral Assistance कार्यशाला स्थगित

निर्वाचन आयोग, नेपाल, यूरोपियन यूनियन र संयक्त राष्ट्रसंघीय विकास कार्यक्रमको संयुक्त आयोजनामा २०७२ साल बैशाख २१ देखि २५ गते तदनुसार ४ देखि ८ मे, सन् २०१५ सम्म नेपालमा आयोजना गर्नेगरी आयोगको मिति २०७१/११/१० को बैठकबाट निर्णय भई तयारीका कार्यहरू द्रुत गतिमा अगाडि बढिरहेको Joint EC/UNDP Task Force on Electoral Assistance सम्बन्धी कार्यशाला २०७२ साल बैशाख १२ गते गएको भूकम्पका कारण स्थगित गरिएको छ । ठूलो मात्रामा जनधनको क्षति भएको, भूकम्प जाने क्रम निरन्तर भइरहेको अवस्थामा मुलुक राहत, उद्धार तथा प्रतिकार्यमा जुट्नुपर्ने भएकोले उक्त कार्यशाला स्थगित गरिएको हो । भूकम्पबाट भएको जनधनको क्षतिप्रति गम्भीर हुँदै मृत्यु भएका नेपाली नागरिक तथा अन्य व्यक्तिहरूप्रति आयोगको तर्फबाट श्रद्धाञ्जलि व्यक्त गर्ने, घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने, राहत उद्धारमा ध्यान केन्द्रित गर्ने र सिर्जित परिस्थितिका कारण उत्पन्न भएको असहजतालाई मध्यनजर गरी अर्को निर्णय नभएसम्मको लागि उक्त कार्यशाला स्थगन गरी सम्बन्धित पक्ष, आमन्त्रित सहभागी एवं विशिष्ट अतिथि तथा पाहुनाहरूको जानकारीको लागि पत्राचार गर्ने निर्णय आयोगको मिति २०७२/१/१४ को बैठकबाट गरिएको थियो ।

## कार्यवाहक प्रमुख निर्वाचन आयुक्तसँग जर्मन राजदूतको भेटघाट



कार्यवाहक प्रमुख निर्वाचन आयुक्त श्री दोलखबहादुर गुरूङ (बायाँ) का साथ जर्मनीका राजदूत Mr. Matthias Meyer

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त श्री दोलखबहादुर गुरूङसँग गणतन्त्र जर्मनीका राजदूत Mr. Matthias Meyer ले २०७२ साल असार १६ गते तदनुसार जुलाई १ सन् २०१५ मा शिष्टाचार भेट गर्नुभएको छ । भेटका अवसरमा निर्वाचन आयोगले सम्पादन गरिरहेका गतिविधिहरू, स्थानीय निकायको निर्वाचनको तयारी, पारस्परिक सहयोगलगायतका विषयमा छलफल भएको थियो ।

## नयाँ शाखा अधिकृतहरूको पदस्थापना

आयोग र अन्तर्गत सरूवा भइआएका नयाँ शाखा अधिकृतहरूलाई सचिवस्तरको विभिन्न मितिको निर्णयानुसार पदस्थापना गरिएको छ । पदस्थापना भएका नयाँ अधिकृतहरूको नामावली तथा पदस्थापना गरिएको कार्यालय देहायअनुसार रहेको छ :

| सि.नं. | नवनियुक्त शाखा अधिकृतहरू | पदस्थापना गरिएको कार्यालय | पदस्थापना गरिएको पद | स्थायी ठेगाना |
|---|---|---|---|---|
| १. | श्री गिरीराज ज्ञवाली | जिल्ला निर्वाचन कार्यालय, रोल्पा | जिल्ला निर्वाचन अधिकारी | रूरू गाविस १, गुल्मी |
| २. | श्री कृष्ण सिंह नायक | जिल्ला निर्वाचन कार्यालय, डडेल्धुरा | जिल्ला निर्वाचन अधिकारी | भिमदत्त नगरपालिका ७, कञ्चनपुर |
| ३. | श्री तुलसीप्रसाद तिमिल्सिना | जिल्ला निर्वाचन कार्यालय, कैलाली हाल काज जिल्ला निर्वाचन कार्यालय, लमजुङ | शाखा अधिकृत | पोखरा उपमहानगरपालिका २०, कास्की |
| ४. | श्री एकबहादुर बस्नेत | जिल्ला निर्वाचन कार्यालय, उदयपुर | जिल्ला निर्वाचन अधिकारी | त्रियुगा नगरपालिका ४, उदयपुर |
| ५. | श्री सीताराम शर्मा लामिछाने | जिल्ला निर्वाचन कार्यालय, काठमाडौं हाल काज जिल्ला निर्वाचन कार्यालय, रामेछाप | शाखा अधिकृत | खानीगाउँ गाविस १, पर्वत |
| ६. | श्री अच्युत अर्याल | जिल्ला निर्वाचन कार्यालय, बझाङ | जिल्ला निर्वाचन अधिकारी | काठमाडौं महानगरपालिका ८, काठमाडौं |
| ७. | श्री इश्वर सिंखडा | जिल्ला निर्वाचन कार्यालय, अछाम | जिल्ला निर्वाचन अधिकारी | धावा गाविस २, गोरखा |
| ८. | श्री टेक प्रसाद भट्टराई | जिल्ला निर्वाचन कार्यालय, सर्लाही | जिल्ला निर्वाचन अधिकारी | लालबन्दी नगरपालिका ४, सर्लाही |
| ९. | श्री रमेश कुमार जोशी | निर्वाचन आयोग वा अन्तर्गत हाल काज जिल्ला निर्वाचन कार्यालय, तेह्रथुम | जिल्ला निर्वाचन अधिकारी | बक्धुवा गाविस ९, सप्तरी |
| १०. | श्री ध्रुव कुमार राई | निर्वाचन आयोग वा अन्तर्गत हाल काज जिल्ला निर्वाचन कार्यालय, पाँचथर | जिल्ला निर्वाचन अधिकारी | माइमझुवा गाविस ३, इलाम |
| ११. | श्री राजन श्रीवास्तव | निर्वाचन आयोग वा अन्तर्गत हाल काज जिल्ला निर्वाचन कार्यालय, बझाङ | जिल्ला निर्वाचन अधिकारी | लुम्बिनी आदर्श नगरपालिका ७, रूपन्देही |
| १२. | श्री इन्दिरा यादव | जिल्ला निर्वाचन कार्यालय, सिरहा | जिल्ला निर्वाचन अधिकारी | सिरहा नगरपालिका ३, सिरहा |

| सि.नं. | नवनियुक्त शाखा अधिकृतहरू | पदस्थापना गरिएको कार्यालय | पदस्थापना गरिएको पद | स्थायी ठेगाना |
|---|---|---|---|---|
| १३. | श्री नरेश कुमार सर्राफ | निर्वाचन आयोग वा अन्तर्गत जिल्ला निर्वाचन कार्यालय, बारा | जिल्ला निर्वाचन अधिकारी | पर्सा नगरपालिका १, पर्सा |
| १४. | श्री दिनेश खत्री | निर्वाचन आयोग वा अन्तर्गत हाल काज जिल्ला निर्वाचन कार्यालय, खोटाङ | जिल्ला निर्वाचन अधिकारी | सिद्धिचरण नगरपालिका ३, ओखलढुङ्गा |

नवनियुक्त शाखा अधिकृतहरूसमेतलाई आयोग तथा जिल्ला निर्वाचन कार्यालयले सञ्चालन गर्दै आइरहेका निर्वाचनसम्बन्धी क्रियाकलाप, जिल्ला निर्वाचन अधिकारीको काम, कर्तव्य र जिम्मेवारीसमेतका विषयमा २०७२ साल असार ३१ गते निर्वाचन शिक्षा तथा सूचना केन्द्रको हलमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरियो । अभिमुखीकरण कार्यक्रममा निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव, सचिव श्री मधुप्रसाद रेग्मी, महाशाखा प्रमुखहरू तथा शाखा प्रमुखहरूसमेतको उपस्थिति रहेको थियो । अभिमुखीकरण कार्यक्रममा महाशाखागत तथा शाखागत प्रस्तुतीकरण गरिनुका साथै उठेका जिज्ञासाका सम्बन्धमा छलफलसमेत गरिएको थियो ।

## आयोगका अवकास प्राप्त कर्मचारीहरूको विदाइ

निर्वाचन आयोगमा कार्यरत रही उमेर हदका कारण अवकास प्राप्त कर्मचारीहरूको आयोगको हलमा विदाइ गरियो । यस अवधिमा उपसचिव श्री सुवाशचन्द्र राई र कम्प्युटर अधिकृत श्री राजकुमार श्रेष्ठको विदाइ गरिएको छ ।



श्री सुवाशचन्द्र राईलाई मायाको चिनो दिँदै सचिव श्री मधुप्रसाद रेग्मी

२०७२ साल जेठ १ गते ५८ वर्ष पूरा भई २०७२ साल जेठ २ गतेबाट अनिवार्य अवकास पाउनुभएका श्री राई २०३८ साल असार ३० गते न्याय सेवाको डिठ्ठा पदबाट निजामती सेवामा प्रवेश गरी मिति २०६९/१/१३ गतेदेखि यस आयोगमा कार्यरत हुनुहुन्थ्यो । श्री राई प्रशासन शाखा प्रमुखको रूपमा रही आफ्नो जिम्मेवारी निर्वाह गर्नुका साथै गुनासो व्यवस्थापनका लागि नोडल अधिकृत तथा निर्वाचन पत्रिका र निर्वाचन बुलेटिन सम्पादक मण्डलमा सदस्यका रूपमा समेत कार्यरत हुनुहुन्थ्यो । आयोगमा कार्यरत रहँदा उहाँलाई प्रबल जनसेवाश्री (चतुर्थ श्रेणी), २०७० प्राप्त हुनाका साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ११ बमोजिम उत्कृष्ट तथा प्रशंसनीय कार्य गरेवापत सचिवस्तरीय निर्णयबाट ३ ग्रेड थप गरी पुरस्कृत गरिएको थियो । त्यसैगरी २०७२ साल असार ९ गते गते ५८ वर्ष पूरा भई २०७२ साल असार १० गतेबाट अनिवार्य अवकास पाउनुभएका श्री श्रेष्ठ २०४५ साल जेठ १० गते कम्प्युटर सहायक पदबाट निजामती सेवामा प्रवेश गरी २०६४ साल माघ १ गते कम्प्युटर अधिकृत पदमा बढुवा भई मिति २०७० साल बैशाख २२ गतेदेखि यस आयोगमा कार्यरत हुनुहुन्थ्यो ।

अवकास प्राप्त श्री राईलाई सचिव श्री मधुप्रसाद रेग्मी, सहसचिव श्री वीरबहादुर राई, सहसचिव (सूचना प्रविधि) श्री मात्रिकाप्रसाद श्रेष्ठ, सहसचिव (कानुन) श्री लीला देवी गड्तौला, सहसचिव श्री सूर्यप्रसाद शर्मा तथा शाखा प्रमुखहरूले सचिवको कार्यकक्षमा विदाइ गर्नुभएको थियो भने श्री श्रेष्ठलाई आयोगको सभाहलमा सचिव श्री मधुप्रसाद रेग्मी, सहसचिवहरूलगायत आयोगका अधिकृत तथा कर्मचारीहरूद्वारा विदाइ गरिएको थियो ।

अवकास प्राप्त कर्मचारीद्वयको विदाइ कार्यक्रममा सचिव श्री मधुप्रसाद रेग्मीले सक्रिय र उर्जाशील रहँदाको अवस्थामा अवकास भएकोले अझ बढी क्रियाशील रहन तथा आयोगलाई आवश्यक पर्दा सहयोग गर्न अनुरोध गर्दै अवकास प्राप्त जीवन सुखमय रहोस् भन्ने कामना व्यक्त गर्नुभएको थियो । सचिव श्री रेग्मीले पशुपतिनाथको मन्दिर, डायरी, कलमलगायत मायाको चिनो प्रदान गर्दै अबीर, फूलमाला लगाई विदाइ गर्नुभएको थियो । त्यसैगरी सहसचिव, उपसचिवलगायत कर्मचारीहरूले समेत फूल, अबीर लगाई विदाइ गर्नुभएको थियो ।

## जिल्ला निर्वाचन अधिकारी स्वर्गीय तुल्सीराम ज्ञवालीप्रति श्रद्धासुमन

कार्यालयमा कामकाज गरिरहेको अवस्थामा २०७१ साल मङ्सिर १९ गते अचानक बेहोस भएका जिल्ला निर्वाचन कार्यालय, रूपन्देहीका जिल्ला निर्वाचन अधिकारी श्री तुल्सीराम ज्ञवालीलाई भीम अस्पताल, रूपन्देही, बी. आर. डी. मेडिकल कलेज एवम् आर्यवर्त अस्पताल, गोरखपुर, ग्राण्डी इन्टरनेशनल अस्पताल, काठमाडौं हुँदै बी. एल. कपुर अस्पताल, नयाँ दिल्लीमा क्यान्सर रोगको उपचार गराइएको थियो । उपचारपश्चात् २०७१ साल फागुन ११ गतेदेखि कार्यालयमा उपस्थित भएका श्री ज्ञवालीको सोही रोगका कारण २०७२ साल असार २५ गते निधन भएको छ । समस्त निर्वाचन आयोग परिवार स्वर्गीय ज्ञवालीप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दछ ।



स्वर्गीय तुल्सीराम ज्ञवाली

खरिदार पदबाट निजामती सेवामा प्रवेश गरेका स्वर्गीय ज्ञवाली २०६७ साल चैत ७ गतेदेखि निर्वाचन आयोगमा शाखा अधिकृत पदमा सरूवा पदस्थापना भई आयोग अन्तर्गतका क्रमशः जिल्ला निर्वाचन कार्यालय, रोल्पा र जिल्ला निर्वाचन कार्यालय, रूपन्देहीमा जिल्ला निर्वाचन अधिकारीको पदमा रही कार्य गर्नुभएको थियो । उहाँका एक श्रीमती र एक छोरी हुनुहुन्छ ।

मुद्रक : रैता प्रिन्टिङ्ग सपोर्ट, अनामनगर, काठमाडौं